






# हिमालय टाइम्स

नेपाली राष्ट्रिय दैनिक

www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times








वर्ष २८, अंक १०७ काठमाडौं | २०७९ चैत २८ मंगलबार | वैशाख कृष्णपक्ष, पञ्चमी | नेपाल संवत् ११४३ | HIMALAYA TIMES | Tuesday 11 April 2023 | पृष्ठ ८ | मूल्य रु ५।-


## बागदरबार–सिंहदरबार टकराव थप बढ्ने संकेत





**डिबी शर्मा/हिटा**

काठमाडौं, २७ चैत

काठमाडौं महानगरपालिका र संघीय सरकारबीचको टकराव थप बढ्ने देखिएको छ । आवश्यक सहयोग नगरेको भन्दै महानगरपालिका प्रमुख बालेन्द्र साह (बालेन) एकपछि अर्को गरी संघीय सरकारविरुद्ध खनिन थालेपछि टकराव थप बढ्ने देखिएको हो । आवश्यक सहयोग नगरेको भन्दै मेयर साह संघीय सरकारको निरन्तर आलोचना गर्दै आउनुभएको छ । सामाजिक सञ्जालमार्फत आफ्ना धारणा सार्वजनिक गर्दै आउनुभएका साह पछिल्लो समय संघीय सरकारविरुद्ध आक्रामक रूपमा प्रस्तुत हुँदै आउनुभएको छ । सिंहदरबारले जनजीविकाका कुरामा स्थानीय सरकारसँग समन्वय गर्नै नचाहेको उहाँको भनाइ छ । भौतिक रूपमा बागदरबार-सिंहदरबारको दूरी धेरै नभए पनि महानगर सिंहदरबार पुग्न धेरै कसरत गर्नुपर्ने उहाँले टिप्पणी गर्नुभयो । 'नौ महिनामा पटक-पटक पहल गर्दा पनि समन्वय गर्न र समन्वय भएका कुराहरू कार्यान्वयन गर्न मुस्किल परेको अवस्था छ,' उहाँले भन्नुभएको छ, 'स्थानीय सरकारले जनजीविकाका सवालमा उठाएका मुद्दा अगाडि बढ्दैनन् । सुनेको नसुनै हुन्छ भने दूरदराजका स्थानीय तहहरूमा भएको नीतिगत

» पृष्ठ २ मा क्रमशः

### फोहोर नउठाउने निर्णय लहडमा गरिएको होइन, बाध्यता हो : मेयर बालेन

काठमाडौं महानगरपालिकाले सिंहदरबारको फोहोर उठाउन छोडेको छ । महानगरपालिकाको काममा सिंहदरबारबाट असहयोग भएको भन्दै मेयर बालेनले फोहोर नउठाउने घोषणा गरेपछि सिंहदरबारको फोहोर उठ्न छोडेको हो । सिंहदरबारको फोहोर उठाउने जिम्मा पाएको परिवर्तन सेवा प्रालिले फोहोर उठाएको छैन ।

» पृष्ठ २ मा क्रमशः

### मेयरले सिंहदरबारको फोहोर उठाउँदिनँ भन्न मिल्छ कि मिल्दैन ? : गृहमन्त्री श्रेष्ठ



» पृष्ठ २ मा क्रमशः

### महानगर र सरकारबीच द्वन्द्व बढ्नुका कारण

काठमाडौं महानगरको मेयरमा साह निर्वाचित भएदेखि नै संघीय सरकारसँग राम्रो सम्बन्ध छैन । स्वतन्त्रबाट मेयरमा निर्वाचित हुनुभएका साह सुरुवातदेखि नै संघीय सरकारसँग रुष्ट हुनुहुन्थ्यो । जुन शृंखला नौ महिनादेखि जारी छ । यसका निश्चित कारण छन् । उहाँ निर्वाचित हुँदै गर्दा काठमाडौंमा फोहोर थुप्रिएको थियो । जसलाई व्यवस्थापन गर्न निकै सकस परेको थियो ।

» पृष्ठ २ मा क्रमशः

### तत्काल महानगरसँग संवाद गर्न प्रधानमन्त्रीलाई गगन थापाको आग्रह



» पृष्ठ २ मा क्रमशः

## अडियो प्रकरणमा रास्वपाले संसद्मा माग्यो माफी

## पेचिलो बन्दै संघीयता खारेजीको मुद्दा



**यज्ञराज पाण्डे/हिटा**

काठमाडौं, २७ चैत

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सांसद ढाकाकुमार श्रेष्ठले मन्त्री बन्नका लागि भन्दै रकमको बार्गेनिङ गरेको अडियो सार्वजनिक प्रकरणमा माफी मागेको छ । रास्वपा सांसद श्रेष्ठले स्वाथ्यमन्त्री बन्नका लागि भन्दै व्यवसायी दुर्गा प्रसाईंसँग दुई करोड रुपैयाँ मागेको अडियो आइतबार सञ्चारमाध्यमबाट सार्वजनिक भएको थियो । सोमबारको प्रतिनिधिसभा बैठकको आकस्मिक समयमा बोल्दै रास्वपाका प्रमुख सचेतक सन्तोष परियारले सो प्रकरणको सम्बन्धमा पार्टीको तर्फबाट माफी माग्नुभएको हो । उहाँले सो प्रकरणले प्रतिनिधिसभा सदस्यहरूको सम्मानमा चोट परेको भन्दै माफी माग्नुभएको हो । उहाँले छानविनका लागि समिति बनेको र आवश्यक कारबाही गरिने भन्दै सो घटनाले पार्टीलाई विचलित नबनाउने बताउनुभयो । मेडिकल व्यवसायी दुर्गा प्रसाईंसँग सांसद श्रेष्ठले आफू स्वास्थ्यमन्त्री बन्न दुई करोड मागेको र मन्त्री बनेपछि भनेजस्तो काम गरिदिने कुराकानी गरेको अडियो सार्वजनिक भएको थियो । त्यसपछि रास्वपाले उहाँलाई निलम्बन गर्दै २४ घण्टाभित्र स्पष्टीकरण पेस गर्न निर्देशन दिइसकेको छ ।

### स्वास्थ्यमन्त्रीको भाउ दुई करोड रहेको पोखरेलको टिप्पणी



प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सांसद ऋषिकेश पोखरेलले 'स्वास्थ्यमन्त्रीको भाउ दुई करोड रहेछ'

» पृष्ठ २ मा क्रमशः

### देशले संघीयता धान्न सक्दैन, खारेज गर्नुपर्छ : अध्यक्ष केसी



राष्ट्रिय जनमोर्चाका अध्यक्ष एवं सांसद चित्रबहादुर केसीले संघीयताको खर्च नेपाली जनताले धान्न नसक्ने बताउनुभएको छ ।

» पृष्ठ २ मा क्रमशः

### अडियो प्रकरणले रास्वपा विचलित हुँदैन : सचेतक परियार



रास्वपाका सचेतक सन्तोष परियारले आफ्ना सांसद ढाकाकुमार श्रेष्ठको दुई करोडको अडियो प्रकरणले आफूहरूलाई विचलित नबनाएको स्पष्टीकरण दिनुभएको छ । सोमबार प्रतिनिधिसभाको बैठकमा बोल्दै

» पृष्ठ २ मा क्रमशः

### ढाकाको फोन संवाद छानविनका लागि संसदीय समिति गठन गर्न गुरुङको माग



नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले सांसद डा. श्रेष्ठको टेलिफोन संवाद

» पृष्ठ २ मा क्रमशः

### संघ र प्रदेशका सांसद संख्या कटौती गर्नुपर्ने खिमलालको प्रस्ताव



» पृष्ठ २ मा क्रमशः

## युवा संघको महाधिवेशन सुरु

## वर्तमान गठबन्धनसँग राजनीतिक विचार छैन : ओली



**हिमालय टाइम्स**

नेपालगञ्ज, २७ चैत

नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले १० दलीय गठबन्धनले कुकर्म गरिरहेको आरोप लगाउनुभएको छ । नेपालगञ्जमा सोमबार युवा संघको महाधिवेशनको उद्घाटन सत्रमा बोल्दै अध्यक्ष ओलीले राजनीतिक विचार नै नभएको वर्तमान गठबन्धन सरकारलाई निकम्मा सरकार भएको बताउनुभयो । उहाँले पञ्चायत, राजतन्त्र ढाल्ने आफूहरू नै भएको र संघीय लोकतान्त्रिक गणतन्त्रमा गठे संस्कृति मौलाएको आरोप लगाउनुभयो । 'कुनैबेला पञ्चायत पनि थियो । तर, हाम्रै अगाडि गर्ल्यामगुर्लुम ढल्यो । घाम रहुन्जेल पञ्चायत रहन्छ भनिन्थ्यो । हामीले केही समयपछि नै ढल्छ भन्यौँ । हामीले निरंकुश राजतन्त्र पनि ढल्छ भनेका थियौँ । त्यो पनि समाप्त भयो । आज संघीय लोकतान्त्रिक गणतन्त्र आएको छ । यसमा पनि कतिपय

» पृष्ठ २ मा क्रमशः

### आगामी निर्वाचनमा एमाले पहिलो शक्ति हुन्छ : पोखरेल

नेकपा एमालेका महासचिव शंकर पोखेलले आगामी निर्वाचनमा नेकपा एमाले पहिलो शक्ति बन्ने दाबी गर्नुभएको छ । राष्ट्रिय युवा संघ नेपालको नवौँ राष्ट्रिय महाधिवेशन उद्घाटन गर्दै पोखेलले आगामी निर्वाचनमा पहिलो शक्ति बन्ने र बहुमतको सरकार निर्माण गर्ने दाबी गर्नुभएको हो ।

उहाँले अहिलेको निर्वाचनमा पनि जनताको लोकप्रिय पार्टी एमाले रहेको पुष्टि भएको बताउनुभयो । कांग्रेस एक्लै निर्वाचनमा होमिन डराएको भन्दै उहाँले भन्नुभयो, 'अघिल्लो निर्वाचनमा सबै पार्टी एक्लाएक्लै निर्वाचनमा होमिएको भए कांग्रेसले अहिलेभन्दा धेरै सिट जित्न सक्थ्यो, एमालेले दोब्बर सिट हासिल गर्थ्यो र सरकार बनाउने थियो ।' उहाँले अहिले नेपालको आर्थिक अवस्था दयनीय रहेको बताउनुभयो । अर्थतन्त्र संकटको डिलमा रहेको भन्दै उहाँले अहिलेको गठबन्धनको आयु धेरै नभएको बताउनुभयो ।

### मिटरब्याज पीडितको समस्या समाधानबारे संसद्लाई जानकारी गराउन माग



राष्ट्रियसभा सदस्य डा. विमला राई पौडेलले मिटरब्याज पीडितहरूको समस्या समाधानबारे संसद् लाई तत्काल जानकारी गराउन सरकारसँग माग

» पृष्ठ २ मा क्रमशः

### यसरी पदमुक्त हुन सक्छन् घुस बार्गेनिङ गर्ने रास्वपाका सांसद श्रेष्ठ



घुस बार्गेनिङ गरेको अडिओ सार्वजनिक भएसँगै राष्ट्रिय स्वतन्त्र पार्टीका समानुपातिक सांसद डा. ढाकाकुमार श्रेष्ठको पद धरापमा परेको छ । अडिओ सार्वजनिक भएकै दिन रास्वपाले यो प्रकरण

» पृष्ठ २ मा क्रमशः

## ३८ वर्षपछि पूरा हुँदै छ, चिहान माथिको चिलगाडी चढ्ने सपना

## नियमित जहाज उड्नेमा स्थानीय भने छैनन् ढुक्क

**मानबहादुर बिश्वकर्मा/हिटा**

कालीकोट, २७ चैत

कालीकोटको नरहरिनाथ गाउँपालिका-१ कोटवाडामा रहेको सुनथराली विमानस्थलमा वैशाखको पहिलो साताबाट परीक्षण उडान हुने भएको छ । विक्रम संम्वत् २०४२ सालदेखि निर्माणधिन अवस्थामा रहेको विमानस्थल निर्माण कार्य पूरा भएपछि वैशाखको पहिलो साताबाट परीक्षण उडान हुने भएको हो । विमानस्थलको निर्माणको काम पूरा भएको र वैशाखको पहिलो हप्तामा नै परीक्षण उडान हुने सुनथराली विमानस्थल

» पृष्ठ २ मा क्रमशः



हिमालय टाइम्स | चसक्क!



महेश बस्ताकोटी






## टिआरसी र संवैधानिक परिषद्सहित तीन विधेयक फास्ट ट्र्याकबाट लैजाने प्रधानमन्त्रीको तयारीमा एमाले होला सहमत ?

**हिमालय टाइम्स**

नेपालगञ्ज, २७ चैत

सरकारले टिआरसी र संवैधानिक परिषद्सम्बन्धी विधेयक फास्ट ट्र्याकबाट पारित गर्ने तयारी गरेको छ । यसअघि पनि समिति बन्नुअघि नै सरकारले उक्त विधेयक पारित गर्न तत्पर देखिएको थियो । विधेयक तत्कालै पारित गनुपर्ने बाध्यात्मक परिस्थितिबीच टिआरसी विधेयक समितिमा पठाएर लम्ब्याउँदा आयोगमा पदाधिकारी नियुक्त समेत नहुने र शून्यताको अवस्था भएकाले यसलाई अल्झाउन नहुने तर्क सरकार पक्षले गर्दै आएको छ ।

त्यस्तै, संवैधानिक परिषद्सम्बन्धी विधेयक सर्वोच्च अदालतको प्रधानन्यायाधीश नियुक्तिमा बाधा भएको र लामो समयदेखि कामुकै भरमा चलेकाले रोक्न नहुने सरकारको तर्क छ । त्यस्तै, सम्पत्ति शुद्धीकरणसम्बन्धी विधेयक अन्तर्राष्ट्रिय रूपमा नेपाल कालोसूचीमा पर्ने जोखिममा भएकाले पारित गर्नुपर्ने कुरा सरकारका तर्फबाट विभिन्न बैठकमा ब्रिफिङ हुँदै आएको छ ।

त्यसो त प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' यी तीन विधेयक जतिसक्दो छिटो पारित गर्ने पक्षमा

» पृष्ठ २ मा क्रमशः

### फास्ट ट्र्याकमा अघि बढाउने सरकारको प्रस्ताव

त्यसो त शनिबारको शीर्ष नेताको बैठकमा सरकारले यी तीनै विधेयकलाई फास्ट ट्र्याकमा पारित गर्न प्रस्ताव गरेको थियो । उक्त कुरा प्रमुख प्रतिपक्ष नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले बैठकपछि पत्रकारसँग कुरा गर्दै उल्लेख गर्नुभयो । दाहालले यी विधेयकहरूलाई समितिमा लगेर छलफल गराएर पारित गर्ने समय नभएकाले अहिलेलाई राजनीतिक सहमतिकै आधारमा संसद्मा द्रुत गतिमा पास गर्न प्रस्ताव गर्नुभएको थियो । उहाँको उक्त प्रस्तावमा सकारात्मक छलफल भएको र केही प्राविधिक कुरा मिलाउने सैद्धान्तिक सहमति भएको दाबी गर्नुभयो ।

### संक्रमणकालीन न्यायमा अदालत र न्यायाधीशले हस्तक्षेप गर्न मिल्दैन : महरा

नेकपा माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महराले संक्रमणकालीन न्याय अदालत र न्यायाधीशले हस्तक्षेप गर्ने विषय नभएको बताउनुभएको छ ।



सोमबार काठमाडौंमा आयोजित नेपालमा शान्ति प्रक्रिया र संक्रमणकालीन न्यायसम्बन्धी अन्तरक्रिया कार्यक्रममा उहाँले संक्रमणकालीन न्यायको विषय सत्यनिरूपण तथा मेलमिलाप आयोगद्वारा निरूपण हुनुपर्ने बताउनुभयो । 'संक्रमणकालीन न्यायको विषय सत्यनिरूपण आयोगद्वारा निरूपण हुनुपर्छ भन्ने हो । यो अदालतले वा न्यायाधीशले हस्तक्षेप गर्ने विषयवस्तु होइन । विस्तृत शान्ति सम्झौताको मर्मको विषय पनि यही हो', उहाँले भन्नुभयो ।

### टिआरसीसम्बन्धी विधेयक सत्ता पक्षको मात्रै विषय होइन : बर्तौला



नेकपा एमालेका सचेतक महेश बर्तौलाले संक्रमणकालीन न्यायसम्बन्धी विधेयक सत्ता पक्षको एकाङ्गी विषय नभएको बताउनुभएको छ । प्रतिनिधिसभा कार्यव्यवस्था परामर्श समितिको बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै सचेतक बर्तौलाले यस्तो बताउनुभएको हो । उहाँले सत्ता पक्षले फास्ट ट्र्याकबाट नै संक्रमणकालीन न्यायसम्बन्धी विधेयक पारित गर्नुपर्ने अडान राखिरहेको भन्दै त्यसो हुन नसक्ने स्पष्ट पार्नुभयो । उहाँले विषयगत समितिमा संक्रमणकालीन न्यायसम्बन्धी विधेयक लैजानैपर्ने र त्यो प्रक्रिया लामो भए विशेष समिति बनाएर मात्रै विधेयक पारित गर्नुपर्ने बताउनुभयो । उहाँले संक्रमणकालीन न्यायसम्बन्धी विधेयक छिटो टुंगिनुपर्छ भन्ने कुरामा नेकपा एमाले पनि सहमत भएको तर राष्ट्रिय विषय भएकाले प्रक्रिया पूरा गरेर मात्रै विधेयक टुंग्याइनुपर्ने बताउनुभयो ।

उहाँले अन्तर्राष्ट्रिय मानव अधिकार पक्ष भएर हस्ताक्षर गरेका कैयौँ विषयहरूसँग सम्बन्धित भएकाले त्यो प्रतिकूल देशका ऐनहरू बन्नु नहुनेतर्फ सचेत गराउनुभयो । उहाँले विधेयकमा पीडितहरूको भावना समेट्नुपर्ने, सत्यको

» पृष्ठ २ मा क्रमशः

CMYK

## वर्तमान ...
« पृष्ठ १ बाट क्रमशः

विकृतिहरू आएको छ ।'

उहाँले गठबन्धनले देशलाई ओरालो यात्रामा लगेको आरोप लगाउनुभयो । ओलीले भन्नुभयो, 'कतिपय विकृति विसंगतिहरू जस्तै गठे संस्कृति । यो गठबन्धनको संस्कृति राजनीति छैन । विचार छैन । जेसुकै भए पनि, जसरी भए पनि एउटा निकम्मा सरकार बनाउनुपर्ने, कुकर्म गर्ने खालको स्थिति बनाएको छ । यसले देशलाई ओरालो लगाएको छ । तर, देशलाई सही बाटोमा ल्याउन सकिन्छ ।' ओलीले आफू प्रधानमन्त्री हुँदा देशमा विकासको मूल फुटेको बताउनुभयो । उहाँले एमालेले काम गर्न सकिन्छ भनेर देखाएको बताउनुभयो ।

उहाँले अहिलेसम्म एमाले सरकार नभएका कारण कोशी नदीमा पानीजहाज चल्न नसकेको बताउनुभयो । एमाले सरकार नभएका कारण कोशी नदीमा पानीजहाज चलाउने योजना पनि ओझेलमा परेको उहाँको भनाइ थियो । 'नेकपा एमालेले भूकम्पले भत्किएका घरहरू निर्माण गरेर हस्तान्तरण गरेको थियो', उहाँले भन्नुभयो, 'हामी सरकारमा भएको भएर कोशी नदीबाट कलकत्तासम्म पानीजहाज चलाउने थियौं । अहिले त्यो काम भएको छैन । फेरि हामी सरकारमा गएपछि त्यो काम अघि बढ्छ ।' आफ्नो नेतृत्वको सरकारले तुइन विस्थापित गरेको, मध्यपहाडी लोकमार्गको काम अगाडि बढाइएको उहाँले सुनाउनुभयो । अहिलेको गठबन्धन सरकारले जनताका लागि कुनै काम नगरेको उनले आरोप लगाउनुभयो । 'म प्रधानमन्त्री भएको बेला केही समय पाएका थियौं । त्यो बेला हामीले काम गर्न सक्छौं भन्ने कुरा देखाएका थियौं', उहाँले भन्नुभयो ।

राष्ट्रिय युवा संघलाई उहाँले एमालेको बलियो खम्बाको रूपमा व्याख्या गर्नुभयो । ओलीले पार्टीविरुद्ध घेराबन्दी हुँदा युवा संघ सडकमा उत्रिएको स्मरण गर्नुभएको थियो । युवा संघमा जिम्मेवारी नपाउनेहरूलाई पार्टीले थप जिम्मेवारी दिने ओलीले आश्वासन दिनुभयो । 'जसले यहाँ ठाउँ पाउनुभएको छैन उहाँहरूले पार्टीमा ठाउँ पाउनुहुने छ', उहाँले भन्नुभयो, 'हाम्रा कार्यकर्ताहरूलाई कसरी काम लगाउनुपर्छ हामीलाई थाहा छ ।'

ओलीले नेकपा एमाले समाजका सबै वर्ग र समुदायको पार्टी भएको बताउनुभएको छ । ओलीले नेकपा एमालेले सुखी नेपाली समृद्ध नेपालीको आकांक्षा पूरा गर्ने स्पष्ट पार्नुभयो । 'नेकपा एमाले लौरो टेक्ने ज्येष्ठ नागरिकको मात्र होइन सशक्त युवाको पनि पार्टी हो', ओलीले भन्नुभयो । युवाहरूले इतिहास होइन भविष्यको कुरा गर्नु र सोच्नुपर्ने उहाँले बताउनुभयो । भविष्यको तयारी, काम, आन्दोलन, संकल्प, योजना र अनुशासनको कुरा गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । युवाले भविष्य कस्तो बनाउने भन्ने कुरा सोच्नुपर्ने ओलीले बताउनुभयो । युवाहरू सूर्य जस्तै अनुशासित हुनु पर्नेमा उहाँको जोड छ । अनुशासनमा नबस्ने व्यक्ति र संगठन कुबाटोमा जाने ओलीले प्रष्ट पार्नुभयो । युवालाई देशमा नै बसेर शिक्षा, स्वास्थ्य, रोजगारीको अवसर एमालेले सिर्जना गर्ने ओलीले बताउनुभयो । विदेशमा रहेको नेपाली युवालाई छिट्टै घर फर्कने वातावरण बनाउने ओलीको भनाइ छ ।

## नियमित ...
« पृष्ठ १ बाट क्रमशः

आयोजनाका सुपरभाइजर गणेशकुमार विष्टले बताउनुभयो । 'नेपाल नागरिक उड्डयन प्राधिकरणले दिएको जानकारीअनुसार चैत २६ गतेदेखि वैशाखको पहिलो सातासम्म परीक्षण उडान गर्ने जानकारी आएको छ ।' उहाँले भन्नुभयो, 'हामीले त्यहीअनुसार यहाँको तयारी गरेका छौं ।' परीक्षण उडान हुने भएकाले विमानस्थलको पूर्व अधेँरी खोला, पश्चिममा नुवादेव देवताको मन्दिर, उत्तरमा भैरी सामुदायिक वन र दक्षिणमा लामीडाँडा लामपाटा क्षेत्रको भू-भागमा पशुचौपाया छाडा नछाड्न र मानिसको आवतजावत बन्द गरिएको सुपरभाइजर विष्टले बताउनुभयो ।

विमानस्थल नियमित सञ्चालनका लागि भन्दै नेपाल पत्रकार महासंघ कर्णाली प्रदेशले विमानस्थलमै नियमित साधारणसभा आयोजना गरेर दबाब दिएको थियो । नियमित उडानको माग गर्दै आएको महासंघले यही २१ र २२ गते साधारणसभा गरेको थियो । नेपाल पत्रकार महासंघ कर्णाली प्रदेशका महासचिव खगेन्द्रप्रसाद भट्टराईले महासंघले गरेको दबाबको प्रभावका रुपमा परीक्षण उडान हुने खबरले आफूहरू उत्साहित भएको बताउनुभयो । हाल यो विमानस्थलमा धावनमार्गको सुधार, रिपिटर टावर, घेरबार र भवनसमेत तयार भइसकेको विमानस्थल आयोजना कार्यालयले जनाएको छ ।

विमानस्थलमा नियमित उडान भएमा पर्यटकीय स्थलका रूपमा रहेको रामारोशन, बाजुरा र कालीकोटको सिमानामा रहेको त्रिवेणी पाटन, बडिमालिकाको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने गाँउपालिका अध्यक्ष नगेन्द्र बिष्टले बताउनुभएको छ । 'विमानस्थल नियमित उडान गर्नका लागि र छिटो निर्माण कार्य सम्पन्न गर्नका लागि गाउँपालिकाको तर्फबाट दबाब दिँदै आएका छौं । तर, विमानस्थल समयमा बनेन ।' उहाँले भन्नुभयो, 'परीक्षण उडान हुने भएपछि त्यसपछि नियमित उडान गर्ने जानकारी पनि पाएको अध्यक्ष विष्टले जानकारी दिनुभयो ।

सशस्त्र द्वन्द्वको बेला विमानस्थल खन्न गएका ३६ जना कामदार मारिएको कोटवाडामा महासंघको साधारणसभा आयोजना गरिएको थियो । सभाले योगी नरहरिनाथको व्यक्तित्व, कृतित्व र योगदानको खोजी गर्दै अन्वेषण केन्द्र स्थापना गर्न पनि माग गरेको छ । योगी नरहरिनाथको जन्मस्थल कालीकोट हो । सभाले कोटवाडा विमानस्थल सञ्चालनको लागि मान्म कोटवाडा केबलकार र पक्की सडकमा पनि जोड दिएको छ । त्यस्तै, कालीकोटमा ब्याप्त छाउपडी, बालविवाह, जातीय विभेदको अन्त्यका लागि पनि सभाले सरोकारवालाको ध्यानाकर्षण गराएको छ । 'आर्थिक समृद्धि र सुशासन कर्णाली प्रदेशमा कमजोर छ,' महासंघका अध्यक्ष देवीराम देवकोटाले भन्नुभयो , 'व्यवस्था बदलिए पनि जनताको अवस्था उस्तै भएकाले सरकारको ध्यानाकर्षण गर्न कालीकोटमा प्रदेश साधारणसभा गरिएको हो ।' साधारणसभा मर्यादित पत्रकारिता, सुरक्षित पत्रकार, श्रम अधिकार र प्रेस स्वतन्त्रता हाम्रो अधिकार भन्ने नाराका साथ भएको भएको थियो ।

विमानस्थल र कर्णाली राजमार्ग कालिकोटबासीका वर्षौंदेखिका पुराना सपना हुन् । ढिलै भए पनि डेढ दशकअघि कर्णाली राजमार्ग सुर्खेत जुम्ला सडक निर्माणसँगै कालीकोटबासीको सडक सपना पूरा भएको छ । तर वर्षौं पुरानो हवाई सपना अझै पूरा भएको छैन् । निर्माण सुरु भएको तीन दशकपछि ०७३ माघ २९ गते पहिलो पटक तारा एयरको जहाज परीक्षण उडान गरिएको थियो । जहाज परीक्षण गरिएको करीब आठ वर्ष बित्न लाग्दा बल्लतल्ल विमानस्थल निर्माणको काम सम्पन्न भएको छ । करीब आठ वर्षअघि पहिलोपटक जहाज परीक्षण हुँदा खुसी भएका स्थानीय फेरि वैशाख पहिलो साताबाट जहाज परीक्षण हुने खबरले उत्साहित बनेका छन् । त्यतिबेला तत्कालीन पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनबहादुर शाहीको पहलमा तारा एयरको जहाज सफल अबतरण भएको थियो । परीक्षण उडान सफल भएपछि कोटवाडामा नियमित उडानको घोषणा पनि भयो । परीक्षण उडानले हर्षित स्थानीयले त्यसपछि भने आँगनमा जहाज देख्न पाएका थिएनन् । नियमित उडानका लागि दबाब दिनकै लागि गाउँपालिकाले पनि गत माघ ७ गते विमानस्थलको धावनमार्गमा गाउँसभा आयोजना गरेको थियो ।

### ३६ जना मजदुरले गुमाएका थिए, विमानस्थल निर्माणको क्रममा ज्यान

सुनथराली विमानस्थल निमार्णका क्रममा ३६ जना मजदुरले ज्यान गुमाएका थिए । ३६ जना मजदुरलाई नेपाली सेनाले एकैपटक एकै चिहान बनाएको थियो । नेपालमा चलेको १० वर्षे सशस्त्र युद्धका बेला अछाम आक्रमणपछि आएको सेनाको टोलीले विमानस्थलमा काम गरिरहेका ३६ जना मजदुरको हत्या गरेको थियो । विमानस्थल निर्माणका क्रममा धादिङ जोगिमारा स्थायी घर भई विमानस्थल निर्माणको सिलसिलामा कोटवाडा आएका ३० जना कामदार र ६ जना स्थानीय कामदारहरूलाई २०५८ सालमा तत्कालीन राज्यपक्षको शाही सेनाद्वारा विमानस्थलमै गोली हानी हत्या गरिएको थियो । विमानस्थल निर्माण क्रममा मारिएका ३६ जनाले जनही १० लाख राहतबाहेक अहिलेसम्म अन्य कुनै पनि सेवा सुविधा पाएका छैनन् ।

### नेताको भोट बैंकका रूपमा प्रयोग भएको थियो विमानस्थल

हरेक पटकको निर्वाचनको बेलामा खुब चर्चा पाउने विमानस्थलले निर्वाचनपछि भने कहिल्यै चर्चा पाएन । निर्वाचनमा भोट माग्ने बेलामा मात्र सुनथराली विमानस्थल बन्छ भन्ने यहाँका नेताहरू निर्वाचन सकिएपछि जनतालाई दिएका आश्वासन पूरा गर्न त के फर्किएर पनि हेरेनन् । सुनथराली विमानस्थल नेताहरूका लागि एउटा भोट माग्ने माध्यम मात्रै बन्यो तर त्यही माध्यम मात्रै बनेको विमानस्थलले भने जहाज कहिल्यै पाएन । स्थानीय भन्छन्, राजनीतिक दल र नेताको पहुँच नपुग्नुले विमानस्थल निर्माण कार्य अलपत्र परेको हो ।' 'यहाँ विमानस्थल बनाउने कुरा चुनावको बेला मात्र चर्चा हुन्छ, चुनाव सकिएलगत्तै चर्चा पनि सकिन्छ ।' निर्वाचनका बेला प्रमुख राजनीतिक दलका मुख्य एजेण्डा नै विमानस्थल बनाउनेसम्म बने तर ती एजेण्डाविहीन भए ।

कालीकोटबाट निर्वाचित भएर जनप्रतिनिधि बनिसकेपछि आफूले चुनावका बेलामा गरेका प्रतिबद्धता विर्सने प्रवृत्तिले सुनथराली विमानस्थल अहिलेसम्म बन्न नसकेको स्थानीयले बताएका छन् । ०६४ सालभन्दा अगाडि भएका निर्वाचन र त्यसभन्दा पछि भएका निर्वाचनमा निर्वाचित जनप्रतिनिधिले आफ्नो भोट बैंक विमानस्थललाई बनाउने गरेको स्थानीय अबिलाल विष्टले बताउनुभयो ।

### कर्णालीका पाँचवटै जिल्लामा शिलान्यास भएका थिए विमानस्थल

साबिकको कर्णाली अञ्चलका पाँचवटा जिल्लामा एक/एकवटा विमानस्थल निर्माण गर्ने गरी एकैपटक शिलान्यास गरिएको विमानस्थलमा सुनथराली विमानस्थल पनि पर्दछ । तर अन्य चारवटै जिल्लामा पहिले नै विमानस्थल निर्माण भई नियमित सञ्चालन हुँदा पनि कालीकोटको कोडबाडामा रहेको यो विमानस्थल अझै सञ्चालनमा आउन सकिरहेको छैन । मुगु, डोल्पा, जुम्ला र हुम्लामा विमानस्थल समयमै सञ्चालन भइसकेका छन् । सदरमुकामभन्दा टाढा हुनाले राज्यको प्राथमिकतामा नपरेको यहाँका स्थानीयको भनाइ छ । पञ्चायतकालमा निर्माण थालिएको यो विमानस्थललाई बहुदलीय व्यवस्था हुँदै अहिलेको लोकतान्त्रिक गणतन्त्रसम्म आउँदा पनि राजनीतिक दलहरूले यसलाई केवल चुनावी एजेण्डा मात्र बनाउँदै आएको स्थानीयवासीको आरोप छ ।

यता, स्थानीयबासिन्दा भने विमानस्थल नियमित सञ्चालन हुनेमा ढुक्क देखिएका छैनन् । वर्षौंदेखि विमान उड्छ भन्ने सुन्दै आएको बताउने उनीहरू फेरि पनि परीक्षण उडानमै सीमित हुने हो कि भन्ने त्रासमा छन् । नरहरिनाथ गाउँपालिका-२ का ७९ वर्षीय काले दमाईंले तीस वर्षअघि गाउँमा जहाज आउने सपना बोकेर घरमा भएको कुटो कोदालो बोकी दिनहुँ सुनथरालीमा विमानस्थल निर्माण गर्न पसिना बगाएको स्मरण गर्दै सधैं आश्वासन मात्र पाएको बताउनुभयो । सडक यातायात नहुँदा समयमै उपचारको अभावमा यहाँ बर्सेनि सयौंले अकालमै ज्यान गुमाइरहेका छन् । हालसम्म झण्डै आधा अर्बबढी बजेट यस विमानस्थलमा खर्च भइसकेको छ ।

## बागदरबार-सिंहदरबार ...
« पृष्ठ १ बाट क्रमशः

अप्ठ्यारा, कार्यक्षेत्रको विवाद लगायतका कुराहरू सम्बोधनको अवस्था कस्तो होला ?' सिंहदरबारले स्थानीय सरकारको अस्तित्व नै स्वीकार नगरेको उहाँको टिप्पणी छ । 'स्थानीय समस्याहरू स्थानीय तहमा नै समाधान हुन सकून् । संघीय सरकारले त्यसलाई प्राथमिकतामा राखेर गाँठो फुकाइदिओस्,' उहाँले भन्नुभएको छ, 'देश विकेन्द्रीकरणको उच्चतम् लोकतान्त्रिक व्यवस्था मानिने संघीयतामा छ तर, न्याय माग्न, पासपोर्ट बनाउन, सरकारी कामकाजका लागि, उपचार र शिक्षाका लागि पनि काठमाडौं आइरहनु पर्ने अवस्था छ, यो नहोस् ।'

## फोहोर नउठाउने ...
« पृष्ठ १ बाट क्रमशः

सिंहदरबारबाट कुहिने र नकुहिने गरी दैनिक पाँच टन फोहोर उठ्ने गरेको थियो । संघीय सरकारले बारम्बार प्रयास गर्दा पनि कुरा नसुनेपछि बाध्य भएर फोहोर उठाउन छोडेको मेयर साहले स्पष्ट पार्नुभएको छ । सिंहदरबारको फोहोर नउठाउने निर्णय लहडमा अनायासै नगरिएको उहाँले स्पष्ट पार्नुभएको छ । 'असमन्वयकारी भूमिकाले थुप्रिएको समस्याको चाङ सिंहदरबारले फोहोरमा देखोस् भनेर फोहोर नउठाइएको हो,' उहाँले भन्नुभएको छ, 'यो दबाब आवश्यक छ भन्नेमा सायदै दुईमत रहला ।'

## तत्काल ...
« पृष्ठ १ बाट क्रमशः

नेपाली कांग्रेसका सांसद गगनकुमार थापाले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई काठमाडौं महानगरपालिकासँग तत्काल संवाद गर्न आग्रह गर्नुभएको छ । सोमबार प्रतिनिधिसभा बैठकको आकस्मिक समयमा बोल्दै सांसद थापाले काठमाडौं महानगरपालिकाले सिंहदरबारभित्रको फोहोर नउठाएको विषयमा महानगरपालिकासँग तत्काल संवाद गर्न प्रधानमन्त्रीलाई आग्रह गर्नुभएको हो । महानगरपालिकाले राखेका जायज मागहरूलाई पूरा गर्नुपर्ने उहाँको भनाइ छ । सांसद थापाले काठमाडौं महानगरपालिका र संघीय सरकारबीचको छलफलमा काठमाडौंका जनप्रतिनिधिहरूलाई पनि सम्मिलित गराउनुपर्ने बताउनुभयो । 'बागदरबार र सिंहदरबारबीच टकराव देखिएको छ । महानगरपालिकाले फोहोर नउठाउने भनेको छ,' उहाँले भन्नुभयो, 'म सम्माननीय प्रधानमन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु, कुनै विलम्ब नगरी काठमाडौं महानगरपालिकासँग छलफल गरियोस् । संवाद गरियोस् । जुन-जुन विषय अहिले सल्ट्याउनुपर्ने हो सल्ट्याइयोस् । जुन विषयमा समझदारी कायम गर्नुपर्ने हो समझदारी गरियोस् । जायज मागहरू पूरा गरियोस् ।'

## मेयरले ...
« पृष्ठ १ बाट क्रमशः

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले महानगरको मेयरले सिंहदरबारको फोहोर उठाउँदिनँ भनेर भन्न मिल्छ कि मिल्दैन ? भन्दै प्रश्न गर्नुभएको छ । अझ सार्वजनिक रूपमा सामाजिक सञ्जालमार्फत त्यसो भन्न मिल्छ कि मिल्दैन ? भन्दै उहाँले प्रश्न गर्नुभएको छ । 'म धेरै टिप्पणी गर्न चाहन्नँ । काठमाडौं महानगरका मेयरका बारेमा म अहिले व्यक्तिगत रूपमा कुनै टिप्पणी गर्न चाहन्नँ । समन्वय भनेको चाहिँ स्थानीय सरकारले वा अर्को कुनै सरकारले यसो गर्दिनुस् भन्नेलाई समन्वय भनिँदैन,' श्रेष्ठले सोमबार चितवनमा पत्रकारसँग कुरा गर्दै भन्नुभयो, 'सहयोग गर्ने कुरामा हामीमा कुनै दुविधा छैन । तर, त्योचाहिँ औचित्य पुष्टि हुने गरेर समझदारीमा समन्वय हुन्छ ।'

## महानगर ...
« पृष्ठ १ बाट क्रमशः

फोहोर व्यवस्थापनमा संघीय सरकारले सहयोग नगरेको उहाँको आरोप थियो । यो सुरुवात थियो । त्यसपछि महानगर र सिंहदरबारबीच निरन्तर यस्तो टकराव छ । मेयर साहका अनुसार यसका मूलत: १४ वटा कारण छन् ।

पहिलो महानगरले अव्यवस्थित बस्ती व्यवस्थापन, ट्राफिक लाइट व्यवस्थापन, मूर्ति चोरी रोक्न गृह मन्त्रालय विभिन्न सहमति गरेको थियो । तर, कुनै सहमति कार्यान्वयन नभएको उहाँको भनाइ छ । उहाँका अनुसार गृह मात्र होइन कुनै पनि मन्त्रालयले सहमति कार्यान्वयन गरेका छैनन् । परराष्ट्र मन्त्रालयसँग विदेशी नियोगले मिचेको फुटपाथ व्यवस्थापन गर्न पत्राचार, शिक्षा मन्त्रालयसँग सरकारी विद्यालयको लागि डिजिटल टिभी, शिक्षक सरुवा तथा शिक्षकलाई समयमै तलब दिने सम्बन्धमा विभिन्न चरणमा कुरा हुँदा काम अगाडि बढेको छैन । स्वास्थ्य मन्त्रालयसँग सरकारी अस्पताल सरसफाइ, बिमालगायत विषयमा बजेट व्यवस्थापन गर्न पहल गरेको, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयसँग एयरपोर्टको नक्सा पास, पेप्सीकोला क्षेत्र डुबानको समाधानलगायत विषयमा पटक-पटक पहल गरे पनि काम नभएको उहाँले बताउनुभयो । अर्थ मन्त्रालयसँग तीनकुनेको जग्गा र याङ्री र लार्के खोलाको पानी मेलम्चीमा जोडेर १२ महिना नै काठमाडौंमा मेलम्चीको पानी ल्याउने कार्यक्रमबारे पहल गरेको उहाँले बताउनुभयो । सहरी विकास मन्त्रालयसँग काठमाडौंमै फोहोर, खोला करिडोर, खोला सरसफाइ, खोलामा फोहोर प्रशोधन प्लान्ट, अण्डर पास, बञ्चरेमा लिचेडको व्यवस्थापन, माटो क्यापिङको व्यवस्थापनलगायत विषयमा चार मन्त्रीसँग पटक-पटक पहल गर्दा पनि कुनै काम नभएको उहाँले बताउनुभयो । त्यस्तै, भौतिक पूर्वाधार मन्त्रालयसग रिङरोड विस्तार, उपत्यका यातायात प्राधिकरण गठन, सूचना तथा सञ्चार मन्त्रालयसँग पोलमा तार व्यवस्थापनबारे, ऊर्जा मन्त्रालयसँग सडक बत्ती व्यवस्थापनबारे, खानेपानी मन्त्रालयमा मेलम्चीको पानी र पाइप व्यवस्थापनलगायत विषयमा पहल गरेको उहाँको भनाइ छ । उहाँका अनुसार भूमिसुधार मन्त्रालयसँग सहकारी नियमावली, सहकारी कानुन, सार्वजनिक जग्गा संरक्षणबारे पहल, संघीय मामिला मन्त्रालयसँग तीनकुने विवाद, कर्मचारी सरुवाबारे र कृषि मन्त्रालयसँग मल खरिद तथा उपत्यकामा आउने तरकारीको परीक्षणबारे पहल गरिएको पनि काम नभएको उहाँले बताउनुभयो ।

आज मिति २०७९ चैत्र २८ गते मंगलबार, ई.सं ११ अप्रिल, २०२३ । तिथि- वैशाख कृष्णपक्ष पञ्चमी, ६:४७ बजे उप्रान्त षष्ठी, नक्षत्र- ज्येष्ठा, योग- वरियान्, करण-तैतिल, चन्द्रराशि- वृश्चिक, सूर्योदय: ५:४६, सूर्यास्त: १८:२६ ।



## तपाईंको आज

ज्योतिषाचार्य
**नारायणप्रसाद भण्डारी**

मेष : आश्वासन दिनेहरूबाट नै धोका पाइने छ।
वृष : आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ।
मिथुन : लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ।
कर्कट : आफन्त वा साथीभाइले गर्नैपर्ने काममा समेत सघाउ पुऱ्याउने छैनन्।
सिंह : अरूका काममा महत्त्वपूर्ण समय बित्न सक्छ।
कन्या : प्रियजनसँगको भेटघाटले दिन रमाइलो बनाउनेछ।
तुला : विवादले खिन्न बनाए पनि आत्मबल र हौसलामा कमी आउने छैन।
वृश्चिक : सरकारी कडिकडाउको शिकार भइनेछ।
धनु : बिग्रिएको सम्बन्ध र विगतका कमजोरीलाई सुधार गर्ने मौका छ।
मकर : तीर्थ व्रत तथा देवालय आदिको भ्रमण हुन सक्छ।
कुम्भ : शत्रुले पनि काममा साथ दिने परिस्थिति बन्नेछ।
मीन : हिम्मतले काम लिन नसक्दा केही पछि परिनेछ।

## टिआरसी ...
« पृष्ठ १ बाट क्रमशः

हुनुहुन्छ । यसका लागि उहाँलाई सत्ता-गठबन्धनका दलहरूले साथ पनि दिइरहेका छन् । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पनि देशको मुख्य समस्या समाधान गर्ने यी तीन विधेयक रोक्न नहुने तर्क अघि सार्दै आउनुभएको छ । प्रधानमन्त्री प्रचण्डले आज (मंगलबार) पुन: शीर्ष नेताहरूको बैठक बसेर यी विधेयक टुंगोमा पुऱ्याउने दाबी गर्नुभएको छ । 'सदनभित्रको टिआरसीसँग सम्बन्धित विधेयक, संवैधानिक परिषद्सँग सम्बन्धित विधेयक र सम्पत्ति शुद्धीकरणसम्बन्धी विधेयकलाई छिटो टुंग्याउन छलफल भयो,' शनिबार बसेको शीर्ष नेताको बैठकपछि प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, 'सैद्धान्तिक रूपमा हामी सहमत नै छौं । प्राविधिक पाटो भएकाले विज्ञहरू पनि बसेर २८ गतेको बैठकले टुंग्याउने कुरा भएको छ ।'

## टिआरसीसम्बन्धी ...
« पृष्ठ १ बाट क्रमशः

राम्रोसँग अन्वेषण गरेर दोषीलाई कारबाही, पीडितहरूलाई परिपूरण राहत, क्षतिपूर्ति र न्याय दिन सक्नुपर्ने बताउनुभयो । सचेतक बर्तौलाले भन्नुभयो, 'टिआरसीको विषयमा उहाँहरूले फास्ट ट्र्याकबाट जाने कुरा गर्नुभएको छ । प्रोसेसको कुरा गरिरहनु भएको छ । हामी प्रोसेस छिटो गर्ने कुरामा तयार छौं । तर, कन्टेन्टमा छलफल गरौं । कतिपय हिसाबले कन्टेन्टमा नै बहस गर्नुपर्ने कुरा छ । त्यसैले यो विषय राष्ट्रिय विषय हो । सत्ता पक्षको एकाङ्की विषय होइन । अन्य बिलहरू जसरी हामी संसद्को अल्पमत र बहुमतले बढ्छौं, यो विधेयक फरक हो । अन्तर्राष्ट्रिय माध्यमहरूले पनि हेरिरहेको छ, अन्तर्राष्ट्रिय मानव अधिकार पक्ष भएर हस्ताक्षर गरेका कैयौं विषयहरू छन् । त्यो प्रतिकूल हाम्रो ऐन हुनु हुँदैन ।' सचेतक बर्तौलाले संक्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई राष्ट्रको साझा विषय बनाई कुनै पनि प्रश्न उठ्न नदिने गरी टुंग्याउनुपर्ने बताउनुभयो ।

## स्वास्थ्यमन्त्रीको ...
« पृष्ठ १ बाट क्रमशः

भनी टिप्पणी गर्नुभएको छ । सोमबार प्रतिनिधिसभाको बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा. ढाकाकुमार श्रेष्ठको अडियो प्रकरणबारे उहाँले भन्नुभयो, 'स्वास्थ्यमन्त्रीको भाउ दुई करोड रहेछ । अरू मालदार मन्त्रीहरूको कति होला ?' भ्रष्टाचारकै कारण नेताहरू सामाजिक रूपमै बहिष्करणमा पर्नसक्ने सांसद पोखरेलको भनाइ छ । 'एउटा त एक्स्पोज भयो । एउटा भ्रष्ट मानसिकताले समाज विक्षिप्त बनायो । जनतामा निराशा र चरम अविश्वास पैदा गरायो' उहाँले भन्नुभयो, 'दल र तिनका नेताहरूप्रति सामाजिक रूपमै बहिष्करण हुनसक्ने अवस्थाको सिर्जना गरायो ।'

## अडियो ...
« पृष्ठ १ बाट क्रमशः

सचेतक परियारले भन्नुभयो, 'ढाकाकुमार श्रेष्ठको अडियो प्रकरणलाई हामीले गम्भीर रूपमा लिएका छौं । उक्त प्रकरणबारे छानविन गर्न पार्टीको केन्द्रीय अनुशासन समितिलाई तीन दिनभित्र प्रतिवेदन बुझाउन निर्देशन दिएका छौं ।'

श्रेष्ठको दुई करोडको अडियो प्रकरणले अन्य सांसदहरूको सम्मानमा पुगेको चोटप्रति क्षमा माग्दै आफूहरू कतै पनि विचलित नहुने सचेतक परियारले बताउनुभयो । उहाँले भन्नुभयो, 'हाम्रो सांसदको कारणले घटेको घटनाले तपाईंहरूको सम्मानमा पुगेको चोटप्रति हामी क्षमाप्रार्थी छौं । संसद्को गरिमा बढाउने रास्वपाको अभियानमा हामी अक्षुण्ण रहनेछौं । यो घटनाले संसद्को गरिमामा पर्न गएको मानमर्दनलाई क्षमा प्रार्थी गर्छु ।' परियारले ढाकाकुमार श्रेष्ठको अडियो प्रकरणलाई गम्भीर रूपमा लिएको बताउँदै नेपालको राजनीतिमा यो घटना नयाँ नभएकाले विगतमा भएका यस्ता घटनाको पनि सत्यतथ्य छानविन हुनुपर्ने बताउनुभयो ।

## ढाकाको ...
« पृष्ठ १ बाट क्रमशः

छानविन गर्न संसदीय समिति गठनको माग गर्नुभएको छ । प्रतिनिधिसभा बैठकमा सोमबार बोल्दै उहाँले श्रेष्ठको फोन संवाद भ्रष्टाचारसँग सम्बन्धित रहेको भन्दै संसदीय समिति बनाएर निष्पक्ष छानविन हुनुपर्ने माग गर्नुभयो । 'फोन संवादमा साढे दुई करोड कोर टिमलाई बुझाउनुपर्छ भनेको छ । कोर टिम भनेको को हो ? त्यसको पनि छानविन गर्नुपर्दैन सभामुख महोदय ?' गुरुङले भन्नुभयो, 'संसद् सदस्यले गरेको कमिसन, भ्रष्टाचारसँग सम्बन्धित वार्तालापका सन्दर्भमा संसद् चुप लागेर बस्नुहुँदैन । आजको बैठकबाट संसदीय समिति बनाएर निष्पक्ष छानविन गर्न माग गर्दछु ।'

## देशले ...
« पृष्ठ १ बाट क्रमशः

सोमबार प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद केसीले सरकारले ल्याएको न्यूनतम साझा कार्यक्रममा आफूहरूको असहमति रहेको बताउँदै संघीयता खारेज गर्नुपर्ने बताउनुभएको हो । उहाँले चैत २३ गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेटेर न्यूनतम साझा कार्यक्रममा समेटेका विषयहरूमा आफ्नो पार्टीका असहमति रहेको बताउँदै हस्ताक्षर आएकोमा आपत्ति जनाउनुभयो । 'न्यूनतम साझा कार्यक्रममा समेटिएका संघीयता, नागरिकता र संक्रमणकालीन न्यायको विषयमा विमति राख्दै आइरहेको थियो । न्यूनतम कार्यक्रममा हाम्रो पार्टीले पनि सहमति गऱ्यो भन्ने कुरा बाहिर आयो । यसले जनतामा भ्रम पऱ्यो । हामीले संघीयता नेपाली जनताले बोक्न सक्दैन भनेका छौं । सांसदको संख्या मात्रै ८८४ छ । त्यसअनुसारका मन्त्री छन् । यो खर्च जनताले धान्न नसक्ने संघीयता खारेज गर्नुपर्छ भन्ने हाम्रो माग हो,' केसीले भन्नुभयो ।

## संघ र प्रदेश ...
« पृष्ठ १ बाट क्रमशः

राष्ट्रियसभा सदस्य खिमलाल देवकोटाले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य संख्या कटौती गर्नुपर्ने प्रस्ताव राख्नुभएको छ । सोमबार राष्ट्रियसभा बैठकमा बोल्दै उहाँले २७५ जनाको प्रतिनिधिसभालाई १६५ र ५५० जनाको प्रदेशसभालाई ३३० मा झार्नुपर्ने बताउनुभएको हो । संघीय लोकतान्त्रिक गणतन्त्रको सवलीकरण र स्थायित्वका लागि पनि प्रतिनिधिसभा र प्रदेशसभा सदस्य संख्या घटाउन उपयुक्त हुने सांसद देवकोटाको तर्क थियो । '२७५ जनाको प्रतिनिधिसभा र ५५० जनाको प्रदेशसभाको संख्या धेरै भयो, ठूलो भयो । यसलाई क्रमश: १६५ र ३३० मा सीमित गरी निर्वाचन प्रणालीमा सुधार मात्रै गर्ने हो भने यो शासन व्यवस्थाको सवलीकरण र स्थायित्वमा खासै समस्या पर्दैन ।' उहाँले भन्नुभयो, '१६५ वटा निर्वाचन क्षेत्रको सन्दर्भमा पनि काठमाडौंमा जुन १० वटा निर्वाचन क्षेत्र छ । त्यो धेरै भयो । र, निर्वाचन क्षेत्रको निर्धारण पनि वैज्ञानिक छैन ।'

## मिटरब्याज ...
« पृष्ठ १ बाट क्रमशः

गर्नुभएको छ । 'मिटरब्याज पीडितहरूको समस्या समाधान गर्ने भनेर सरकारले वार्ता टोली बनाएको छ तर के भइरहेको छ ?' भन्ने थाहा नपाएकाले संसद्लाई सोबारे सरकारले तत्काल जानकारी गराउनुपर्ने सांसद पौडेलको भनाइ छ । 'गृह मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु । मिटरब्याज पीडितहरू काठमाडौंमा आउनुभयो । धर्ना बस्नुभयो । सरकारलाई दु:ख पनि देखाउनु भयो । सांसदहरूसँग पनि भेट्नुभयो । हामीले संसद्मा कुरा पनि उठायौं । वार्ता समिति बन्यो ।' उहाँले भन्नुभयो, 'अब के भयो ? हामी कहाँ छौं ? त्यो समस्या समाधान भयो कि भएन ? त्यो विषयमा गृह मन्त्रालयले हामीलाई एकचोटि भनिदिए हुन्थ्यो भन्ने अनुरोध छ ।' पौडेलले मिटरब्याज पीडितहरूको दु:खमा साथ दिने काममा सरकारले ढिलाइ गर्न नहुने बताउनुभयो ।

## यसरी ...
« पृष्ठ १ बाट क्रमशः

छानविनको जिम्मा अनुशासन तथा आचरण समितिलाई दिएको छ । उहाँको स्पष्टीकरणपछि थप कारबाहीबारे समितिले निर्णय लिनेछ । उपसभापति डोलप्रसाद अर्यालले भन्नुभयो, 'हामीले अहिले यो विषयमा छानविन गर्ने जिम्मा अनुशासन समितिलाई दिएका छौं । अनुशासन समितिको प्रतिवेदनपछि अर्को कदमबारे निर्णय हुन्छ । अहिलेलाई म यत्ति भन्न सक्छु, तीन दिनभित्रमा अनुशासन समितिले प्रतिवेदन बुझाउँछ ।' छानविन पूरा नभएसम्म सांसद वा पार्टीको साधारण सदस्यको हैसियतले पनि काम नगर्न श्रेष्ठलाई रास्वपाको निर्देशन छ ।

त्यसो त यो प्रकरणमा अरू पनि जोडिएको संकेत अडिओमा छ । घुस माग्ने सांसद श्रेष्ठले रास्वपाको कोर टिमलाई आफू मन्त्री बन्नका लागि दुई करोड रुपैयाँ बुझाउनुपर्ने बताउनुभएको छ । आफैंले नभई कोर टिमको सल्लाहअनुसार आफूले रकम माग गरेको उहाँको आवाज छ । सोमबार नै प्रतिनिधिसभामा कांग्रेस उपसभापति गुरुङले यसमा जोडिएका अरुलाई पनि कारबाहीको दायरामा ल्याउन पर्ने बताउनुभएको छ । तर, त्यसअघि नै सार्वजनिक कार्यक्रममा बोल्दै उक्त पार्टीका सांसद रवि लामिछानेले ती सांसदलाई कारबाही गर्न नसके आफूलाई गढीमाईमा 'बलि दिन' भन्नुभएको छ । तर, यता श्रेष्ठले भने सार्वजनिक भएको अडियो आफ्नो आवाज नभएको प्रतिक्रिया दिनुभएको छ । उहाँले आफूलाई फसाउन षड्यन्त्र गरिएको बताउनुभएको छ । आफ्नो मोबाइलबाट अरू कसैले कुरा गरेको हुनसक्ने उहाँको प्रतिक्रिया छ । अब सांसद श्रेष्ठले आफैं राजीनामा दिनुहुन्छ वा उहाँलाई पार्टीले कारवाही गरेर निकाल्न सक्छ ।

### के छ ऐनमा व्यवस्था ?

राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३२ मा दलत्याग गरेको मानिनेसम्बन्धी व्यवस्था छ । यही व्यवस्थामा दलले कारबाही गर्नसक्ने विषय पनि उल्लेख छ । कुनै पनि सांसदले दलको सदस्यबाट लिखित रूपमा राजीनामा दिएमा सांसद पद पनि सोही मितिबाट रिक्त हुने व्यवस्था गरिएको छ । यस्तै, अर्को दलको सदस्यता लिएमा वा अर्को दल गठन गरेमा पनि सांसदबाट हट्ने प्रावधान छ । यस्तै, दलको केन्द्रीय समितिले त्यस्तो सदस्यलाई यस दफाको अधीनमा रही सम्बन्धित दलबाट निष्कासन गर्न सक्नेछ र त्यसरी कुनै सदस्य निष्कासन भएमा त्यस्तो सदस्य सम्बन्धित दलबाट समेत निष्कासन भएको मानिनेछ । तर, दलले निष्कासन गर्नुअघि सम्बन्धित दलको केन्द्रीय समितिले त्यस्तो सदस्यलाई आफ्नो सफाइ पेस गर्ने मौका दिनुपर्नेछ र त्यस्तो प्रयोजनको लागि सम्बन्धित दलले जाँचबुझ समिति गठन गर्न सक्नेछ ।

सफाइ प्राप्त भएपछि सम्बन्धित दलको केन्द्रीय समितिले त्यस्तो सदस्यले पेस गरेको सफाइ सन्तोषजनक भएको वा नभएको निर्णय गर्नुपर्ने छ । सफाइ सन्तोषजनक नभएमा विधानमा व्यवस्था भएबमोजिम दलको केन्द्रीय समितिले कारण र आधार खुलाई त्यस्तो सदस्यलाई दलको सदस्यबाट निष्कासन गर्न सक्नेछ । सम्बन्धित दलले कुनै पनि सांसदलाई कारबाही गरिएको जानकारी संसद्लाई गराउनु पर्नेछ । संसद् सचिवालयले त्यस्तो जानकारी निर्वाचन आयोगमा पठाउनेछ । समानुपातिक सांसदको हकमा रिक्त भएको स्थानमा रोलक्रममा रहेको अर्को व्यक्तिलाई सांसद बनाउने निर्णय आयोगले गर्नेछ । तर, निर्वाचित सांसदको हकमा भने उपनिर्वाचन हुनेछ । रास्वपाका सांसद श्रेष्ठले तत्काल राजीनामा नदिएमा यी प्रक्रिया पूरा गरेर रास्वपाले उहाँलाई सांसदबाट हटाउन सक्नेछ ।

CMYK

# अख्तियारद्वारा घुससहित इञ्जिनियर पक्राउ

**हिमालय टाइम्स**

काठमाडौं, २७ चैत



सेवाग्राहीबाट २० हजार रुपैयाँ घुस लिएको आरोपमा सुनसरीको बर्जु गाउँपालिकाका इञ्जिनियर अजयकुमार मेहता पक्राउ परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको इटहरीस्थित कार्यालयबाट खटिएको टोलीले मेहतालाई मोरङको विराटनगर महानगरपालिकास्थित पुल्चोकबाट सोमबार नियन्त्रणमा लिएको हो । अख्तियारका प्रवक्ता भोला दाहालका अनुसार इञ्जिनियर मेहताले सेवाग्राहीबाट घरको नापनक्सा पास गरिदिने भन्दै घुस लिएका थिए ।

## सच्चाइएको

यस दैनिकको सोमबार प्रकाशित प्रथम पृष्ठमा मिति २०७९ चैत २७ गते हुनुपर्नेमा अन्यथा भएको र पाँच पृष्ठमा नन्दकृष्ण जोशीको लेखमा २०४६ साल माघ ७ गते हुनुपर्नेमा अन्यथा भएकाले सच्चाइएको छ ।

# ११८ केजी लागूऔषधसहित तीनजना पक्राउ

**वीरगञ्ज/हिटा ।** पर्साको पटेर्वासुगौली गाउँपालिका-५ देउरियाबाट अवैध लागूऔषध चरेस ११८ केजी र अवैध लागूऔषध गाँजा चार केजीसहित तीनजनालाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा पटेर्वासुगौली गाउँपालिका-५ बस्ने ६० वर्षीय प्रदेशी राउत (थारू), मकवानपुर रक्सीराङ गाउँपालिका-८ बस्ने ३८ वर्षीय रमेश मोक्तान र मकवानपुर मनहरी गाउँपालिका-६ बस्ने २५ वर्षीय रेशन मोक्तान छन् । विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय पर्सा र वडा प्रहरी कार्यालय श्रीपुरबाट खटिएको संयुक्त टोलीले प्रदेशी राउतको घर तथा टहरा तलासी गर्दा उक्त परिमाणको लागूऔषध फेला पारी उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूउपर लागूऔषधसम्बन्धी कसुरमा प्रहरीबाट थप अनुसन्धान भइरहेको छ ।

# मानव बेचबिखन मुद्दाका फरार प्रतिवादी २५ वर्षपछि पक्राउ

**काठमाडौं/हिटा ।** मानव बेचबिखन मुद्दाका फरार प्रतिवादी २५ वर्षपछि पक्राउ परेका छन् । पक्राउ पर्नेमा काभ्रेपलाञ्चोकको तेमाल गाउँपालिका गाउँपालिका-३ का ५९ वर्षीय प्रेम लामा भन्ने ओमबहादुर तामाङ रहेका छन् । उनलाई आइतबार काठमाडौं महानगरपालिका-१५ स्वयम्भूस्थित भगवान् पाउबाट काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पक्राउ गरेको हो । उक्त मुद्दाको अनुसन्धानका क्रममा फरार रहेका उनलाई पक्राउ गर्नका लागि जिल्ला प्रहरी कार्यालय काभ्रेबाट पत्राचार भएकाले उनको खोजतलासका क्रममा आइतबार पक्राउ गरिएको हो । पक्राउ परेका उनलाई आवश्यक कारबाहीका लागि काभ्रे पठाइएको छ ।

# फुलेका सालले बीपी राजमार्ग मगमग

**राधिका बुढाथोकी/हिटा**

सिन्धुली, २७ चैत



बीपी राजमार्गको सिन्धुलीमाडी-खुर्कोट खण्ड यतिबेला आकर्षक भएको छ । वसन्त ऋतुको आगमनसँगै राजमार्ग दायाँबायाँ फुलेका सालले मगमग बास्ना आउने भएको हो । यात्राका क्रममा सालको फूलबाट निस्किएको सुगन्धले मोहित बनाएर यात्रुहरू आफू सवारसाधन राजमार्गमै रोकेर सेल्फी खिच्ने, टिकटक बनाउने गर्दछन् । आइतबार नयाँखर्कबाट सिन्धुलीमाडी आउने क्रममा नेपाल पत्रकार महासंघ, सिन्धुलीका सचिव पुष्कर थापाले पिपलभञ्ज्याङ नजिक आफू सवार मोटरसाइकल रोकेर दुई घण्टा बिताएको बताउनुभयो । 'यात्रा गर्दा सडकमै मगमगी सुगन्ध आयो, रोकेर यसो विचार गरेको, सालको फूलबाट आएको बास्ना पो रहेछ । सालको सुगन्ध पहिलो पटक अनुभव गरेँ । मज्जा आयो,' उहाँले भन्नुभयो । उहाँका अनुसार पिपलभञ्ज्याङदेखि हिरापानीसम्मको दायाँबायाँ सालका रुख फुलेर सेताम्मे छन् ।

राजमार्ग दायाँबायाँ रहेको जंगलमा फुलेका सालले यात्रुलाई मात्रै होइन सिन्धुलीमाडी बजारका स्थानीयवासी, कर्मचारी र विशेषगरी युवायुवतीलाई पनि आकर्षित गरेको छ । दैनिक दौडधुप र कामकाजी व्यस्तताले आजित उहाँहरू सार्वजनिक बिदाको दिन घण्टौं सालको सुगन्धमा रमाउन पुग्ने स्थानीय बासिन्दा सिर्जना श्रेष्ठले सुनाउनुभयो । उहाँका अनुसार नागबेली बीपी राजमार्ग आफैंमा मनमोहक छ । त्यसमाथि वसन्त ऋतुको आगमनसँगै यस वर्ष सेताम्मे भएर फुलेको सालको रुखले सुगन्ध छरेकाले जोकोही प्रफुल्लित हुने गर्दछन् ।

कान्तिरपुर दैनिकका सिन्धुली संवाददाता राजकुमार कार्कीले यतिबेला बीपी राजमार्ग क्षेत्रको जंगलमा मात्रै नभएर तराई तथा चुरे क्षेत्रमा साल फुलेर जंगल नै फूलबारीजस्तो भएको बताउनुभयो । उहाँले भन्नुभयो, 'काठमाडौंसँग पूर्वीनेपाल जोड्ने बीपी राजमार्गको बर्दिबासदेखि पिपलभञ्ज्याङसम्मको ४९ किलोमिटर यात्रा गर्दा साल फुलेको जंगल र त्यसबाट आउने सुगन्धले जोसुकै यात्रीलाई आनन्दित बनाउँछ ।'

तीन-चार वर्षको दौरानमा एकपटक साल बढी फुल्ने डिभिजन वन कार्यालयका प्रमुख कृष्णराज न्यौपानेले बताउनुभयो । उहाँका अनुसार यो वर्ष अत्यधिक फुलेको छ । यसलाई गुड सिड वर्ष भनिन्छ । यस्तोमा उम्रन सक्ने क्षमता बढी हुन्छ । सालको फूलबाट आउने सुगन्ध आफ्नै प्रकारको हुने भएकाले अन्य फूलसँग तुलना गर्न नमिल्ने उहाँले बताउनुभयो । फागुन, चैत महिनामा फुल्ने र जेठ लागेपछि झर्ने यसको जीवन चक्र हो । सिन्धुली साल जातको रूखको धेरै जंगल भएको नेपालका १० जिल्लाभित्र पर्दछ ।

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
**Federal Water Supply and Sewerage Management Project**
Butwal, Rupandehi

**Invitation of Bids**

**Date of Publication : 10th April, 2023 (27th Chaitra, 2079)**

1. Federal water Supply and Sewerage Management Project, Butwal, Rupandehi under Department of Water Supply and Sewerage Management, invites only electronic bids from eligible bidders for the following work under National Competitive Bidding (NCB) under single stage single envelope procedure.

| S.N. | Contract ID and Name of Works | Bid Security Amount, (NRs.) | Bid Document Fee (NRs.) | Total Estimated Amount with VAT (NRs.) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| 1 | FWSSMP/BTL/G/07/079-80; Drilling and Installation of Deep Tubewell in Kerwani, Devdaha | 97000 | 3000 | 3589823.37 | 11th May, 2023 till 12:00 pm |

2. Eligible bidders may get further information from PPMO's website from www.bolpatra.gov.np/egp

**Project Chief**

बागमति प्रदेश सरकार
खानेपानी, उर्जा तथा सिचाई मन्त्रालय
**खानेपानी तथा सरसफाई डिभिजन नं. ५**
भक्तपुर

**बोलपत्र स्विकृती सम्वन्धी आसयको सुचना**

*प्रथम पटक प्रकाशित मिति : २०७९/१२/२८*

यस कार्यालयको मिति २०७९/११/२४ गते प्रकाशित सुचना अनुसार तपशिल बमोजिमका विभिन्न आयोजनाहरुको पिई पाईप आपुर्ति सम्वन्धि ठेक्काहरुको लागि E-Bidding मार्फत पेश हुन आएका बोलपत्रहरुको मुल्याङ्कन गर्दा तपशिल बमोजिमका आपुर्ति व्यवसायीहरुको कबोल अंक न्यूनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही बोलपत्र भएको हुँदा सार्वजनीक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (१) बमोजिम स्विकृतीको लागी छनौट गरि सोही दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ संवन्धीत सबै बोलपत्र दाताहरुलाई जानकारीको लागी यो आसयको सुचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं | ठेक्का नं. | कार्य विवरण | बोलपत्रदाताहरुको नाम | कबोल अंक रु (भ्याट र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| १ | ५/०७९/०८० भक्तपुर | Supply and Delivery of PE Pipes for different WSP | श्री पन्चकन्या प्लाष्टिक ई.प्रा. लि. कृष्ण गल्ली, ललितपुर | Rs.17546636.00 |
| २ | ६/०७९/०८० भक्तपुर | Supply and Delivery of PE Pipes for different WSP | श्री मनमैजु ई.प्रा.लि. | Rs.17549645.00 |



## सम्पादकीय

# नेताको नियत र जनताको नियति

नेताले घुस मागेको अडियो रेकर्ड फेरि बाहिरिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका नेता तथा सांसद ढाकाकुमार श्रेष्ठले झापाका व्यवसायी दुर्गा प्रसाईंसँग साढे दुई करोड रुपैयाँ माग गरेको रेकर्ड सार्वजनिक भएको हो । उहाँले आफ्नो पार्टी सरकारमा जाने र आफ्ना भागमा स्वास्थ्यमन्त्रालय परेको भनेर मेडिकल क्षेत्रमा व्यवसाय गर्दै आएका व्यवसायीसँग पैसा माग गरेको अडियो हालै सार्वजनिक सर्व–व्यापी भएको छ । प्रसाई झापामा मेडिकल कलेज सञ्चालन गर्ने व्यक्ति हुनुहुन्छ, उहाँलाई केही सहयोग र सुविधा दिने प्रलोभनका साथ पैसा माग गरिएको हुनसक्छ । प्रसाईंलगायत केही मेडिकल व्यवसायीहरू यो क्षेत्रलाई व्यापारमुखी बनाउने प्रयासमा संलग्न हुनुहुन्छ ।

डा.गोविन्द केसीले चिकित्सा क्षेत्रमा कडाइ गरी गुणस्तर कायम गर्न सरकारलाई दबाब दिँदै आउनुभएको छ । जथाभावी मेडिकल कलेजहरू खोल्न दिनुहुँदैन भनेर केसीले बाईसौं पटकसम्म अनशन गर्नुभएको छ । अर्कातिर मेडिकल शिक्षा हामी सर्वसाधारणका लागि सहज नभएकाले एमबिबिएस र एमडी गर्न हजारौं विद्यार्थी नेपालबाहिर जानाले नेपालको अर्बौंको धनराशि वर्षौं पिच्छे बाहिरिने गरेको छ । नेपालमै यस्ता कलेजहरू खोलेर शिक्षा दिने हो भने विद्यार्थी विदेशसम्म जानु नपर्ने र नेपालको पैसा बाहिरिनबाट रोक्न सकिने तर्क व्यवसायीले गर्दै आएका छन् । यही सन्दर्भमा ढाकाकुमार र दुर्गा प्रसाईंबीचको सम्वाद यस्तै विषयमा केन्द्रित बन्न गएको अडियो सार्वजनिक भएको छ ।

प्रसाई जस्ता व्यवसायीलाई सुविधा दिन स्वास्थ्यमन्त्रालयको हात रहन्छ र पार्टी सरकारमा जाने भएपछि आफ्नो पार्टीको भागमा पर्ने भएको भनेर उहाँले प्रसाईंसँग पैसा माग गर्नुभएको हो । यसबाट नेपालको राजनीतिमा जोसुकै व्यक्ति वा पार्टी किन नआउन् तिनको राजनीतिबाट माथि उठ्नासाथ पहिलो प्राथमिकता अवैधानिक बाटोबाट भए पनि धनार्जन गर्ने नै नियत देखिन आएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी हालैमात्र स्थापना भएको राजनीतिक पार्टी हो । केही आशालाग्दा युवाहरू भएका कारणले र पुराना पार्टीहरूप्रतिको वितृष्णाका कारण जनताले विकल्प खोज्ने क्रममा उक्त पार्टीप्रति सद्भाव राखेको आभाष देखिन आयो । एकाएक पार्टीले अपेक्षाभन्दा बढी नै स्थानमा विजय हासिल गर्न सफल भयो ।

तर, आफ्नो पार्टीको लोकप्रियतालाई बिर्सिएर यस पार्टीका सांसद तथा नेता श्रेष्ठको यसरी पैसा बार्गेनिङ गरी प्रसाईंसँग गरेको कुराकानी बाहिरिनुले जुनसुकै पार्टीको पनि मुख्य उद्देश्य जसरी भए पनि कमाउने नै देखिन आएको छ । यसभन्दा पहिले पनि नेकपा एमालेका नेता तथा तत्कालीन सञ्चारमन्त्री गोकुल बाँस्कोटाले सेक्युरिटी प्रेस खोल्ने क्रममा ७० करोड रुपैयाँ माग गरेको अडियो पनि बाहिरिएको थियो । तत्कालीन प्रधानमन्त्री केपी ओलीले अडियो सार्वजनिक हुनु अघिल्लो दिन आकाशमा पुर्‍याएर प्रशंसा गरेको भोलिपल्ट नै सो अडियो बाहिरिएको थियो र बाँस्कोटाले पदबाट राजीनामा दिँदै बाहिरिनु परेको थियो । यसैगरी नेकपा माओवादीका नेता कृष्णबहादुर महराले चीनसँग ठूलो परिमाणमा पैसा माग गरेको रेकर्ड पनि सार्वजनिक बनेको थियो ।

यी केही प्रतिनिधि सन्दर्भमात्र हुन् । सार्वजनिक बन्न नसकेका यस्ता अन्य सन्दर्भ कति अनगिन्ति हुन सक्छन् । यसबाट नेता र पार्टीहरू जनताका सेवाका लागि राजनीति गर्ने होइनन्, आफ्नो स्वार्थ र कमाउनकै लागि राजनीति गर्ने हुन् भन्न हिच्किचाउनु पर्दैन । गत निर्वाचनबाट एउटा राष्ट्रिय शक्तिका रूपमा देखिन आएको राष्ट्रिय स्वतन्त्र पार्टी निर्वाचन परिणाम आउनसाथ कहिले सरकारमा जान हतारिने कहिले सरकारबाट बाहिरिने गरेर अस्थिर बनिरह्यो । आज पनि अस्थिरतामा चलिरहेको यो पार्टीको कुनै धैर्य, अडान, र स्थिरता कतै देखिएन । यतिमात्र होइन हालै श्रेष्ठ र प्रसाईंबीचको वार्ताको अडियोले आर्थिक नियतमा पनि चुकेको सार्वजनिक देखिन आयो । यदि यो वार्ता श्रेष्ठको मात्र निर्णयबाट भएको भए कारबाही हुनैपर्छ ।

सांसद्समेत रहनुभएको उहाँको आरोप पुष्टि भयो भने सांसद पदसमेत जानसक्छ भनिएको छ । उहाँ हाल पार्टीबाट निलम्बनमा पर्नुभएको छ । पार्टीले उहाँमाथि अनुसन्धान सुरु गरेसँगै स्पष्टीकरण पनि सोधेको छ । पार्टीले प्रहरी र अख्तियारमा समेत निवेदन दिएर छानविनको बाटो सहज गर्ने पार्टी अध्यक्ष रवि लामिछानेले जानकारी गराइसक्नु भएको छ । पार्टीले उहाँलाई जोगाउन खोज्यो भने पार्टीको लोकप्रियतामा पनि प्रभाव पर्न सक्छ । सो छानविनमा सहयोग पुर्‍याएका खण्डमा पार्टीको लोकप्रियता अझै बढ्न सक्छ । त्यसकारण यदि सांसद श्रेष्ठ यस प्रकरणमा दोषी भएका खण्डमा पार्टीले उहाँलाई चोख्याउने प्रयत्न गर्नु हुँदैन । यो पार्टीको मात्र कुरा होइन भ्रष्टाचार गर्ने नियतप्रतिको दुरुत्साहन पनि हो ।

# पार्टीहरू नेपाली जनताका लागि थारा गाई बने ?

**सबै पार्टीका नेताहरूको गन्तव्य नै भ्रष्टाचार र निजी सम्पत्तिको वृद्धि भएको कुरा नयाँ अस्तित्वमा आएको पार्टीको क्रियाकलापले समेत पुष्टि गर्‍यो । यो घटनाले राजनीतिमा आउनेहरू सबै भ्रष्टमात्रै हुन्छन् भन्ने नजिर बन्यो ।**



**प्रा. देवीभक्त ढकाल**

नेपालका सबै पार्टीहरूको राजनीति गणतन्त्रपछि बुझी नसक्नु र खपिनसक्ने गरी नकारात्मक भएको छ । भ्रष्टाचारले आफूलाई भ्रष्ट नेताहरूका माध्यमले राजनीतिमा जब स्थापित गर्छ त्यो अवस्थामा राजनीति सरल रेखामा होइन बक्र रेखामा विचरण गर्छ । बक्र रेखामा विचरण गर्ने राजनीतिमा जनताका चाहना, आवश्यकता र समस्याप्रति नेताहरूको दृष्टिकोण पनि बक्र हुन्छ । त्यही बक्र दृष्टिकोण र भ्रष्ट चरित्रले नेपालको आर्थिक सामाजिक संरचना, प्रशासनिक संरचना, न्यायिक संरचना साथै विकासका संरचनाहरू स्वत: नष्ट र ध्वस्त भएका छन् ।

जतासुकै अराजकता, विधिविहीनता, मूल्यवृद्धि, अनियन्त्रित बजार अर्थतन्त्र, बेरोजगारी, अत्यधिक आयातमा निर्भर अर्थतन्त्रमा नाफा खोरहरूको बिगबिगी र निर्वाचनको स्वच्छताप्रति चरम जनअविश्वास जस्ता धेरै नकारात्मक विशेषताहरू लथालिंग देखिएका छन् । भ्रष्टाचारका संयन्त्रहरूबाहेक अन्य नियामक संयन्त्रहरू अत्यन्तै कमजोर छन् । न्यायालयहरूलाई नै राजनीतिले अन्यायलयमा रूपान्तरण गरेको दुर्भाग्यपूर्ण स्थितिको चकचकी छ । समग्रमा भन्नुपर्दा सबै पार्टीका नेताहरू प्रजातान्त्रिक पद्धति प्रति विश्वास जगाउन र राज्यव्यवस्थालाई व्यवस्थित गरेर विधिको शासन स्थापित गर्न पूर्णत:असफल प्रमाणित भएका छन् । दुर्भाग्य असफलतालाई नै उनीहरू सफलता भन्दै आफू र आफ्नो पार्टीको गुणगानमा व्यस्त र मस्त छन् ।

अहिले सर्वसाधारण जनसमुदाय इतिहासमै असहाय र किंकर्तव्यविमूढ छ । सबै पार्टीका नेताहरूको एउटै चरित्र छ त्यो हो भ्रष्टाचार नियन्त्रण तर लक्ष र उद्देश्य भने सबैको भ्रष्टाचार गरेर धन जम्मा गर्ने । नेपालमा भ्रष्टाचार र राजनीतिको सुमधुर सम्बन्ध बनाउन नेताहरू सफल भएका कारण जनताका चाहाना र आवश्यकताहरू अलपत्र छन् । नेपालमा भ्रष्टाचार आजका मितिसम्म उपचार असम्भव भएको रोगको रूपमा परिचित छ । भ्रष्टाचार नियन्त्रण र सुशासनलाई प्रमुख एजेन्डा बनाएर भर्खरै अस्तित्वमा आएको रवि लामिछानेको पार्टीको ढाकाराम र दुर्गा प्रसाईंबीचको दुई करोड रकमको लेनदेनसँग सम्बन्धित वार्तालापले हिजो भ्रष्टाचार नियन्त्रण गर्छन् भनेर आशावादी बन्दै मतदान गर्ने नेपाली जनसमुदायलाई झन् निराश बनायो ।

सबै पार्टीका नेताहरूको गन्तव्य नै भ्रष्टाचार र निजी सम्पत्तिको वृद्धि भएको कुरा नयाँ अस्तित्वमा आएको पार्टीको कृयाकलापले समेत पुष्टि गर्‍यो । यो घटनाले राजनीतिमा आउनेहरू सबै भ्रष्टमात्रै हुन्छन् भन्ने नजिर बन्यो । भ्रष्टाचारबाट देश र समाज मुक्त हुन्छ भनेर विश्वास गर्नेहरूलाई यो घटनाले थप निराश बनायो । राजनीतिभित्र मौलाएको भ्रष्टाचाररूपी आर्थिक शोषणबाट जुन देश ग्रस्त हुन्छ त्यहाँ विकृतिहरूको जन्म स्वत: हुन्छ । पदमा रहँदा अवैध आम्दानीको सम्भावना देखेपछि मानिस पद लोलुप हुन्छ । ऊ कहिल्यै नअघाउने मानवरूपी रक्षस र कहिल्यै नभरिने भकारी बन्छ ।

उसको मौद्रिक भोक असिमीत हुँदा नै ऊ ब्रह्मनालसम्म भ्रष्टाचार गर्न पाउने कुर्सीमा बस्ने आकांक्षा राख्छ । यस्तो मनस्थितिका नेताहरूको भाषणे विकासको प्रलोभनमा मतदान गर्दा गर्दै हाम्रो मत नै हाम्रो दुर्भाग्य बन्यो । हामीले सधैं गलत र भ्रष्टलाई मात्रै मतदान गर्‍यौं । भ्रष्टहरूलाई मतदान गर्न बाध्य हुने अवस्था नै हाम्रो दुर्भाग्य हो । किनकि उम्मेदवारहरूको पार्टी फरक हुन्छ तर सबै पार्टीहरूले भ्रष्टबाहेक इमानदार र नैतिकवानलाई उम्मेदवार नै बनाउँदैनन् । सबै पार्टीबीच भ्रष्टाचारको विषयमा अघोषित सम्झौता भएको अनुभूति हामी सबैसँग छ । त्यसको एउटै कारण हो नेपालका सबै पार्टीहरूलाई भ्रष्टहरूले कब्जा गरेका छन् । एउटा पार्टीको भ्रष्टले अर्को पार्टीको भ्रष्टलाई सहयोग गर्छ तर पार्टीभित्रको सदाचारी भने उसको शत्रु हुन्छ । सबै पार्टीहरूका नेताहरूको एउटै सिद्धान्त छ र एउटै गन्तव्य छ त्यो हो भ्रष्टाचार ।

विगतका काम र व्यवहारबाट निराश भएको मतदातालाई भ्रष्टले निर्वाचनको मुखमा आएर अब यसपटक त म सुध्रिएँ भन्छ । निर्वाचन जित्छ फेरि उस्तै । झन् अर्को कार्यकाल चर्को भ्रष्टाचार गर्छ । नातावाद र कृपावादको सञ्जाललाई मजबुत गर्दै जनताको विकासका सपनाहरूलाई फेरि पनि बज्रपात गर्छ । एउटै व्यक्ति तीन-चार दशक संसदीय निर्वाचनमा प्रतिस्पर्धा गर्छ । उसको सांसद सदस्य बन्ने एकाधिकारको जग नै भ्रष्टाचार हो । जसले नेपालमा बारम्बार उम्मेदवार बन्ने अवसर पाउँछ त्यो अवसर पाउने भाग्यमानी भ्रष्टबाहेक सदाचारी हुनैसक्दैन ।

फेरि टिकट झुक्किएर योग्य, इमानदार र सदाचारीले पायो भने उसले कुनै हालतमा निर्वाचन जित्न नसक्ने संस्कृतिको विकास सबै पार्टीका नेताहरूको सहकार्यमा हुँदै आएको छ । नेपालको संसदीय निर्वाचनले दिएको साझा सन्देश के हो भने सबै पार्टीबाट उम्मेदवार छनौटको प्राथमिकतामा भ्रष्टहरू पर्छन् । त्यसैले निर्वाचनको प्रतिस्पर्धा नै भ्रष्टहरूबीच हुन्छ । निर्वाचनमा उम्मेदवार हुने अयोग्यता हो नैतिकता र सदाचार । अब मतदाताले छनौट कसरी राम्रो र योग्यलाई गर्ने ? हाम्रो दुर्भाग्य जुन पार्टीले निर्वाचन जिते पनि भ्रष्टले जित्ने अनौठो साझा संरचना बनेको हुनाले जुन पार्टीले जिते पनि सरकारमा र जिम्मेवारीमा हुनेहरूको साझा उपलब्धि भनेको भ्रष्टाचार नै हो । जहाँ भ्रष्टाचार हुन्छ त्यहाँ कुशासनले डेरा जमाउँछ । हाम्रो वर्तमान राजनीतिक समस्या भनेको भ्रष्टाचार र त्यसले जबर्जस्त उत्पादन गरेको कुशासन हो । सबै दलबीच देश बनाउने विषयमा प्रतिस्पर्धा छैन । बरू उनीहरूको प्रतिस्पर्धा भ्रष्टाचारको विधि र आकार-प्रकारमा नयाँ विकृति सिर्जना गर्नुमा छ ।

सबै पार्टीका नेताहरूबीच भ्रष्टाचारका सम्बन्धमा अघोषित र अदृश्य सम्झौताको कार्यान्वयनमा देखिएको इमानदारी नै देश र जनताको दुर्भाग्य बनेको छ । जुन जोगी आए पनि कानै चिरेको, जुन पार्टीको भए पनि भ्रष्ट नै हुन्छ । नेता सबै पार्टीका भ्रष्टैभ्रष्ट तसर्थ जनता भोग्छन् कष्टैकष्ट । जो भ्रष्ट छ उसले भ्रष्टाचारका रूपमा सम्पत्तिमात्रै जम्मा गरेको छैन् । थुप्रै भ्रष्ट ठेकेदार, व्यापारी उद्योगपति साथै विभिन्न क्षेत्रका माफियासँग सुमधुर सम्बन्ध बनाएको छ । राजनीति नै भ्रष्टाचार कसरी गर्ने रणनीति र भ्रष्टहरूसँगको साँठगाँठको कुशलता भएको छ । भ्रष्टहरू चिनेको भोटमा भन्दा किनेको भोटमा विश्वासमा गर्छन् । किनेपछि निश्चित पाइन्छ मागेपछि के निश्चित भन्ने दृष्टिकोणबाट परिचालित राजनीति नै हाम्रो गरिबी, पछौटेपन र अभावको कारण हो । भ्रष्टहरूले निर्वाचन कहिल्यै नहार्ने नेताको रूपमा आफ्नो छुट्टै छवि बनाएका छन् ।

सबै पार्टीहरूमा यस्तै नेता र नेताहरूको वर्चस्व हुँदा चार पाँच दशकसम्म युवाहरूको पालो आउँदैन । तिनै पालो नआउने तर विद्रोहको हिम्मत नराख्ने देशभरका अवसरहरूबाट वञ्चित अभागीहरूको प्रतिनिधि पात्र हुन् तनहुँका गोविन्द भट्टराई । उनी

दशकौंसम्म प्रतिबद्धतालाई उपेक्षा गर्ने पार्टीहरूका उम्मेदवारलाई मतदान गर्दा जनता आजित छन् । थारो गाईलाई नै भोट हाल्नुपर्छ भन्ने विषयलाई जनताले कसरी स्वीकार गर्छन् ? त्यस विषयलाई भविष्यको जिम्मा दिनुको विकल्प छैन ।

नेताहरूको शोषण, थिचोमिचो र अन्यालाई सहेर नेताहरूलाई निरन्तर भ्रष्टाचार गर्ने अवसर दिनेबाहेक उनका अन्य कुनै व्यक्तिगत कमजोरी सार्वजनिक नभएका योग्य, आज्ञाकारी र भ्रष्ट नेताहरूभन्दा राम्रो शैक्षिक, सामाजिक र राजनीतिक योग्यता भएका नेता हुन् । उनका समकालीन साथीहरू पन्ध्र-बीस वर्षअघि माननीयमात्रै भएका छैनन् कैयौं पटक मन्त्री भइसकेका छन् ।

तर, उनी सांसदसम्म बन्ने बाटो पाएनन् । यो अन्याय कसले गर्‍यो ? कांग्रेसको केन्द्रीय नेतृत्व र तनहुँको जिल्ला नेतृत्वले ? अझ भन्नु पर्दा कांग्रेसका रामचन्द्र, शेरबहादुरहरूलाई आजीवन सांसद सदस्य बन्नुपर्ने रोगको सिकारका कारण देशभरका गोविन्द भट्टराईहरू जस्ता होनहार कार्यकर्ताप्रति आफ्नै नेताहरूबाट अन्याय भएको छ । आफ्नै कार्यकर्तालाई न्याय दिन नसक्ने पार्टीका नेताहरूले जनतालाई न्याय दिन्छन् भनेर एउटै व्यक्तिलाई तीन-चार दशकसम्म लगातार भोट हाल्नु जनताको पनि कमजोरी हो । यो रोग कांग्रेसमा मात्रै नभएर सबै ठूला तथा साना पार्टीहरूमा सिद्धान्तको रूपमा विकास भएको छ । हामीले राम्रो विषयलाई अनुकरण गर्दैनौं तर खराब विषयलाई अनुकरण गर्ने हाम्रो राजनीति र अर्थनीतिको चरित्र बनेको छ ।

राम्रो विषयलाई नेताहरूले अनुकरण गरेको भए नेपाल विकसित देश हुन्थ्यो । तर, नेताहरूले खराब विषयलाई अनुकरण गर्दा नेपालले विश्वमा भ्रष्ट देशको उपमा पाएको छ । त्यसमा भ्रष्ट नेताहरू हीनताबोध होइन गर्व गर्छन् । रविको पार्टीले स्वर्णिम जस्तो सबैले आशा र भर गरेको अहिलेसम्मको परीक्षणमा कतै नचुकेको र कतै नचुक्ने विश्वासिलो प्रतिबद्धता गर्ने जबर्जस्त विकल्प दिएको बेलाको टिकट गोविन्द जस्ता पीडित तर नयाँ उम्मेदवारहरूका लागि कतै मृत्युपछि घाटमा पुर्‍याएको औषधि त बन्दैन । पार्टीहरूलाई नेताहरूले अहिलेसम्मको अनुभव र भोगाइसमेतको आधारमा थारो गाई बनाएका छन् । सरकारमा रहँदा डेलिभरी दिन नसक्ने नेताहरू र तिनका उम्मेदवारलाई जनताले किन विश्वास गर्ने ? यो प्रश्नको उत्तर दिने सक्षम नेताको खोजीमा जनता छन् ।

यो हुनु पनि पर्छ । दशकौंसम्म प्रतिबद्धतालाई उपेक्षा गर्ने पार्टीहरूका उम्मेदवारलाई मतदान गर्दा जनता आजित छन् । थारो गाईलाई नै भोट हाल्नुपर्छ भन्ने विषयलाई जनताले कसरी स्वीकार गर्छन् ? त्यस विषयलाई भविष्यको जिम्मा दिनुको विकल्प छैन । गाईलाई घाँस दूधको आसले हालिन्छ । यदि दूध दिँदैन भने उसलाई घाँस हाल्ने जाँगर कसरी आउला । नेताहरूले पार्टी रूपी गाईको दूध त के गहुँतसम्मबाट पनि जनता वञ्चित भएका कारण सत्तामा राइँदाइँ गर्ने कुनै पार्टीहरूले यथास्थितिमा निर्वाचन जित्ने आधार गुमाएका छन् । विगतका नेताहरूले जनताको पक्षमा काम नगरेका कारण विगतमा सरकार सञ्चालन गर्ने पार्टीहरू आमजनताबीच अलोकप्रियमात्रै छैनन् जनता उनीहरूप्रति आक्रोशितसमेत छन् ।

रविको पार्टीले ब्याउने सम्भावना भएको गाईलाई विकल्पको रूपमा उभ्याउँदा जनताले थारो गाईलाई फेरि भोट हाल्लान् ? कांग्रेसका नेताहरूले त कांग्रेस रूपी थारो गाईलाई जनताले आवश्यक पर्दा गहुँत पनि नदिन अवस्थामा पुर्‍याएपछि गोविन्दलाई निर्वाचनमा प्रतिस्पर्धाको अवसर दिनुभनेको गरिबले हात्ती दानमा पाएजस्तो अवस्था हो । गोविन्द जस्तो इमानदार कार्यकर्तालाई करोडौं खर्च नगरीकन नजितिने रोग सल्काएर गरिब कार्यकर्तालाई जबर्जस्त प्रतिस्पर्धीसँग चुनावमा होम्नु भनेको कांग्रेसभित्रको ऊर्जालाई दुरुपयोग गर्ने रणनीति हो । यहाँ गोविन्द हार्दा रामचन्द्र र शेरबहादुर हार्ने स्वर्णिमले जित्दा परिवर्तनको सशक्त सम्भावना बोकेको कांग्रेसले नै होनहार प्रमाणित गरेको युवाले जित्ने अवस्थामा गोविन्दलाई दिएको अवसर कांग्रेसले प्रकारान्तरले उनलाई अक्षम प्रमाणित गरेर युवाहरूको तेजोबध गर्ने उदाहरणीय पात्र बनाउने अवस्थामा कांग्रेसलाई नै परिवर्तनको शक्ति मान्ने अधिकांश मतदाताहरूलाई निराश बनाउने हतियार गोविन्दजस्तो निष्कलंकित पात्र बन्नु नेपाली राजनीतिको अन्धकार भविष्यको कारण र परिणाम दुवै हो भन्दा के अन्यथा हुन्छ ? गाईले घाँस पाउने आधार नै उसले दिने दूध र गहुँत हो भन्ने कुरालाई दलका नेताहरूले हृदयत: आत्मसात गर्नुको विकल्प के राजनीतिको शब्दकोशमा छ ?

# नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र

**संघीय लोकतान्त्रिक बहुदलीय गणतन्त्र व्यवस्था सुदृढ पार्न भ्रष्टाचार हुने क्षेत्रको जाँच पड्ताल हुनुपर्छ । सरकारले गणतन्त्र दिवस अथवा संविधान दिवसका दिन भ्रष्टाचारी घोषित गरी सामाजिक, आर्थिक विकृति हटाउन सक्नुपर्छ ।**



**डा.सुमनकुमार रेग्मी**

नेपालमा बहुदल पुन:स्थापित भएपश्चात नयाँ संविधान २०७२ अघि चुनावी अवस्थामा सत्ताको अधिकार सिमित व्यक्तिमा निहित हुँदै आएको थियो । अबको अर्थात २०७२ संविधानपश्चातको स्थानीय तह, प्रदेश र संघको सरकार स्थापनापश्चात अधिकारीले पाएका अधिकार सदुपयोगभन्दा बढी दुरुपयोग भई देश विकासको कम चासो देखा परेको छ तर यस्तो देखा पर्दैन भन्ने कल्पना थियो । विगतमा बहुदल भए पनि विकेन्द्रीकरण नभएका कारण भए पनि अधिकार केही माथिल्ला व्यक्तिमा सीमित रहन गयो ।

जसले गर्दा तिनै सीमित व्यक्तिद्वारा राष्ट्रको मौका पनि सीमित गरिए तर अब स्थानीय र प्रादेशिक तहका सरकारसहितको संघीय लोकतान्त्रिक गणतन्त्रको अवस्थाले अब यस्तो कमजोरी हट्दै जानेछ । तर सात प्रदेशका मुख्य मन्त्रीहरूले केन्द्रीय सरकारको सहयोग नभएमा प्रदेश व्यवस्था चल्न कठिन भएको बताउँदै आएको देखिन्छ ।

दल-बदल परिवर्तन गर्ने विचार र चुनाव तथा पार्टी तालमेल समयगत रूपमा आउँदै गरेको अवस्थामा संघीय गणतान्त्रिक बहुदलमा पनि विकृति आउन सक्दछ । त्यसर्थ पदमा बस्नेले पनि मानवीय दृष्टिकोण अपनाउनुपर्ने हुन्छ । राजनीतिक सिद्धान्तमा अडिग हुने हुनाले भ्रष्टाचारीलाई कारबाही गरिनुपर्छ तर मानिस समयअनुसार परिवर्तन हुने हुँदा भ्रष्टाचार बढ्दै जाने हुन्छ । त्यसर्थ संघीय लोकतान्त्रिक बहुदलीय गणतन्त्र व्यवस्था सुदृढ पार्न भ्रष्टाचार हुने क्षेत्रको जाँच पड्ताल हुनुपर्छ । सरकारले गणतन्त्र दिवस अथवा संविधान दिवसका दिन भ्रष्टाचारी घोषित गरी सामाजिक, आर्थिक विकृति हटाउन सक्नुपर्छ ।

नेपालमा निर्दलीय व्यवस्था तीस वर्षमा अफापसिद्ध भयो । प्रजातान्त्रिक साम्यवादी व्यवस्था कुनै देशमा राम्रो देखिएको पनि छ । नेपालमा बहुदलीय व्यवस्थामा अब संघीय लोकतान्त्रिक गणतन्त्र थपिएको छ । साथै विकसित देशको सिको भनौं कि विदेशको माग भनौं स्थानीय, प्रदेश र संघको सरकार बनेको छ । साथै हाल कम्युष्टि पार्टीका नेतृत्वमा बहुमतको सरकार रहेको छ । २०७२ सालको संविधानपछिको दोस्रो चुनाव सम्पन्न भएको छ ।

नेपालमा २०४६ सालपछि २०६५ सालसम्म बहुदलीय व्यवस्था पुन:स्थापित भई निर्दलीय व्यवस्था जस्तै व्यक्तिगत स्वार्थमा सीमित भई बढी विकृति देखापर्न थाल्यो । तर अब २०७२ पछि संघीय लोकतान्त्रिक गणतन्त्र अपनाएको संसदीय व्यवस्थामा यस्तो नहुने आशा राखौं । अब त प्रधामन्त्री पनि प्रत्यक्ष चुनावबाट चुनिने गरी भविष्यमा संशोधन हुनुपर्दछ । तर, नेपाल-भारत सिमाना खुला हुउन्जेलसम्म राष्ट्रपतिको चुनाव प्रत्यक्ष गरिनु हुँदैन । परिवर्तन देशको माग हो । यस्ता परिवर्तनको भविष्यमा पनि माग हुँदै जानेछन् । त्यसको साथै नेपाल विश्वमा एकमात्र हिन्दू गणतन्त्र कायम हुँनुपर्दछ ।

पञ्चायती व्यवस्थामा भएका विकृति बहुदल पुन:स्थापनापछि गणतन्त्र आउनुअगाडि नै हरेक वर्षका कार्बाही हुनुपर्नेमा झनझन भ्रष्टाचार झाँगियो । व्यवहारमा नेपालमा निर्दलको सरकार र बहुदलको संयुक्त सरकारमा फरक देखिएन् । तर २०६२-०६३ सालपछि मन्त्री बनेका केही मन्त्रीहरू जेलमा देखिएकाले बहुदलका विकृतिका कारबाहीको पनि सुरु भएको देखियो । तर, अब भविष्यमा कस्तो भएर आउाछ त्यो भने हेर्न बाँकी नै छ । पञ्चायती व्यवस्थाका पालामा भ्रष्टाचार भए पनि पारदर्शी थिएन । प्रमाण भेटिएका खण्डमा पञ्चायती र बहुदल आएपछिका भ्रष्टाचारको पनि कारबाही हुनुपर्दथ्यो ।

अब संघीय लोकतान्त्रिक गणतन्त्रमा भ्रष्टाचार, दुराचार, लोभी-पापी कम हुँदै जानेछन् । पूर्वी युरोपका देशहरूमा एक दलीय साम्यवादी व्यवस्थाले कत्तिको परिवर्तन ल्यायो ? त्यो त विश्लेषणकै कुरा छ । सार्वभौम जनता भएको अवस्थामा ऐन-नियम, कानुन-विनियम व्यवहारमा उत्रनुपर्छ, नत्र भने संसदीय प्रजातन्त्रको के कुरा संघीय लोकतान्त्रिक गणतन्त्रका प्रक्रियामा पनि अनियमितता एवं विकृतिबाट राष्ट्रलाई बचाउन नेपालको नवसंविधान २०७२ पछिको पहिलो संघ र प्रदेशका गठित सरकारहरू देश परिपक्व बनाउन संयम भई सबै सतर्क रहनुपर्नेमा त्यसो भएन ।

अब दोस्रो आमचुनाव र दोस्रो स्थानीय चुनाव सम्पन्न भएको छ । नेपालले भारतको जस्तो प्रजातन्त्रको अनुभव गरेको छ । नेपालले चीनको जस्तो समाजवादी साम्यवादी व्यवस्था अँगालेमा भारतसँग राम्रो सम्बन्ध हुनेछैन । चुनावी प्रक्रियामा नेपालको साम्यवादी दल जितेर आई सता सम्हालेमा आएको परिवर्तनले नै भारत-चीनबीचमा समदूरी कायम गर्न सक्दछन् । हालको साम्यवादी बहुमतको गठबन्धन पनि कसैले प्रजातान्त्रिक कसैले साम्यवादी भने पनि चीन र भारतको समर्थन पक्कै छ । सोझै साम्यवादी व्यवस्थामा प्रवेश गर्नु नेपालमा सम्भव देखिँदैन । प्रजातान्त्रिक अभ्यासबाट आएको साम्यवादी गठबन्धन जस्ता संरचनाको सबैले वा विश्वले पनि समर्थन नै गर्दछन् ।

त्यसमा पनि संविधान २०७२ को दोस्रो चुनावमा साम्यवादी पार्टीका प्रत्यक्ष चुनावबाट आएको भए एकल पार्टी बहुमत भई जितको भए विश्व चकित हुन्थ्यो । संघीय लोकतान्त्रिक गणतन्त्र अपनाएको बहुदलीय व्यवस्थामा सामान्य मत ल्याई जितेर साम्यवादी दलले भविष्यमा बहुमत नल्याई सत्ता चलाएमा नेपालको पररष्ट्र नीति समदूरीमा रहन जाँदैन । संघीय लोकतान्त्रिक गणतन्त्र अपनाएको बहुदलीय व्यवस्थामार्फत जनताद्वारा अत्यधिक बहुमत अनुमोदन गरी जुनसुकै विचारधाराको दल सत्तामा गई सरकार चलाएमा भारत र चीनबीचको कूटनीतिक सम्बन्ध पनि समदूरीमा रहने हुन्छ ।

०००

# डा. इन्दुलको ‘शब्दसागरका मोती’ टिप्न पस्ता

**इन्दुलको यो पुस्तक ‘शब्द सागरका मोती’ विविधताको कसीमा गुजुल्टिएको एक समीक्षात्मक सँगालो हो । जीवनको यस उत्तरार्द्धमा उनी जसरी कस्सिएर साहित्य साधनामा र समालोचनात्मक रचना जन्माउनमा लागेका छन्, त्यसमाथि पटक्कै मन्दी नआइदेओस्, जाँगर र खटाइ उत्तिकै अघि बढिरहोस् ।**



**पदम दाहाल**

समालोचक डा.इन्दुल केसीद्वारा समीक्षा संग्रहका रूपमा प्रकाशित ‘शब्दसागरका मोती’ नामक ९० पृष्ठमा लेखिएको कृतिको प्रकाशक अनुशीलन नेपाल रहेको छ । कृतिको सुरुमा उनकी धर्मपत्नी र छोरी दुईजनाको संयुक्त शुभेच्छा रहेको छ । उक्त कृतिउपर प्रा.डा.कृष्णप्रसाद दाहालद्वारा आफ्नो गहन समालोचकीय भूमिका लेखिएको छ । उनी लेख्छन्, ‘शब्दसागरका मोती स्वयंमा विषयगत विविधताको मौजीमसला हो ।’

अर्को एक ठाउँमा डा.दाहाल भन्छन्, ‘मोतीराम भट्टले नेपाली साहित्यको इतिहासमा आफूलाई मात्रै नचिनाएर आफूभन्दा पूर्ववर्ती र समवर्ती साहित्यकारहरूलाई चिनाउने काम गरेजस्तै डा.इन्दुलले पनि अरूलाई चिनाएर साहित्यिक सन्तुष्टि लिने काम गरेका छन् । यो कृतिको मूल प्राप्ति भन्नु यही नै हो ।’ यसो भनिरहँदा के अवगत हुन्छ भने ८२ वर्षीय डा.इन्दुलले उक्त पुस्तकभित्र २२ जना लेखकका विविध विधा र विषय क्षेत्रका कृतिउपर संक्षिप्त रूपमा समीक्षात्मक विश्लेषण गर्न पुगेका छन् । २२ मोतीका दानालाई एउटै मालामा उनेका छन् ।

अनेकन विविधता र विशेषता बोकेको मालाको हार बनेको छ यो चिज । यसमा विधागत विविधतालगायत विभिन्न समावेशी पाइन्छ जसलाई यसरी प्रकाश पार्ने प्रयत्न गरिएको छ :

१) धर्म र दर्शनमा आधारित भई शब्दसागरको गहिराइमा पसी मोती बटुल्न गरिएको विश्लेषण हो यो ।
२) आध्यात्मिक जगतका होनहार लेखकका एक से एक ग्रन्थमाथि पसेर त्यसभित्रबाट मन्थन गरी निकालिएको नौनीको मिठास छ यसभित्र ।
३) ओतबहादुर खड्काको ‘वेद के भन्छ ?,’ ‘ईशावास्योपनिषद्’, टीकाराम अर्यालको ‘जीवन दर्शन’, ‘शताब्दी पुरुष सत्यमोहन जोशीको ‘महर्षि याज्ञवल्क्य’ (नाटक) देखि लिएर राहुल सांकृत्यायनको ‘दर्शन- दिग्दर्शन’ भित्रसमेत डुबुल्की मारेर निकालिएको अमृतपान हो यो ।
४) २२ मध्ये नौवटा कृति धर्म र दर्शनसँग सम्बद्ध हुनाले विश्लेषक इन्दुलजी अधिकाधिक रूपमा धर्म र दर्शनभित्र पौडिएर आध्यात्मिक रसास्वादन गर्न अभिरुचि राख्ने व्यक्ति हुन् भन्न अन्कनाइरहनु पर्दैन । अरूलाई धर्म र दर्शनको स्वाद चखाउने चाहना छ उनमा ।
५) साहित्य क्षेत्रका आख्यान विधाअन्तर्गत चल्दाबल्दा अहिलेका उपन्यासकार प्रजापति तिमिल्सिनाको ‘कालो पहाड’देखि लिएर यौनफ्रायडेली कथाकार परशु प्रधान र नेपाल भाषाका कथाकारहरू पशुपतिमान प:मा र तेजकृष्ण ताम्राकार जस्ताका कथा विधामाथि विश्लेषण गर्न सहजै भ्याएका छन् उनले ।
६) कविता विधामाथि विवेचना गर्ने क्रममा मुक्तककार विष्णु ओलीजीको ‘मेरी परी’ भित्रका मुक्तकदेखि लिएर कवि पदम दाहालका छन्द कविताहरूको सँगालो ‘आँसुको दह’ भित्रका आठवटा बेग्लाबेग्लै छन्दका कविताभित्र डुबेर दृष्टिपात गर्न भ्याएको देखिन्छ ।
७) निबन्ध विधाअन्तर्गत् वासुदेव ढकालको ‘उत्तरी ध्रुव प्रदेशको यात्रा साथै लेखन्तेको जीवनयात्रा’ भित्र पसी नियात्रा वर्णनलाई पनि खोतलखातल पार्न कम्मर कसेका छन् भने चूडाप्रसाद चौलागाईंको ‘विषय र विवेचना’, निर्मला श्रेष्ठको ‘आफू अरूका लागि’, प्रकाशप्रसाद उपाध्यायको ‘छेउ न टुप्पो’सम्मका निबन्ध उपर गहिरिएर तिनको रसास्वादन गरी पाठक समक्ष प्रसाद बाँडचुँड गर्न पनि सफल छन् ।
८) सहलेखनको ‘संगीत मन्थनाञ्जलि’ को गुदी निकालेर संगीतको सीप चाख्न चाहनेहरूका लागि पनि विश्लेषणात्मक खुराक बाँड्न चाहेका छन् । उता साधुराम गिरीको ‘मान्छे, प्रकृति र भेगन’ बिरौंलासंग्रह अध्ययन गरी भेगनहारी हुनका लागि प्रोत्साहन गर्न उत्तिकै आतुर छन् ।
९) इतिहासकार जीवनाथ अधिकारीको ‘प्राचीन विश्व इतिहासको सङ्क्षिप्त चर्चा’ पुस्तकभित्र पसी विश्वको ऐतिहासिक घटनाक्रम चखाउन पनि इन्दुलजी लालायित छन् ।
१०) नेपाल भाषामा लेखक प्रेमकृष्ण ताम्राकारद्वारा लिखित ‘मतिनाया स:’ को भने उनले नेपाली भाषामा विवेचना नगरी नेपाल भाषालाई नै पछ्याएका छन् । तर, नेपाल भाषा नबुझ्नेका लागि चाहिँ उक्त विश्लेषण थोतेलाई ठेट्ना मकैको खाजा हुन जाला कि भन्ने लागेको छ ।

२२ कृतिमाथिको अध्ययन विश्लेषणपश्चात् अन्त्यतिर पहिल्याउँदा रचनाकारकै ‘शब्दचित्रमा म’ भन्ने कविता, इन्दुलकै जीवनी, उनैको पछिल्लो रचना ‘सगुन भजन’ सहित लेखक र संगीतकार सत्यनारायण मानन्धरको फोटो पाइन्छ । भजनले मर्यादापुरुष रामचन्द्रका आदर्श पालना गरौं, अवतारी कृष्ण भगवानको गीताज्ञान आर्जन गरौं, महामानव बुद्धको शान्तिमार्गमा लागौं र समाजसेवामा संलग्न होऔं भन्ने सन्देशमूलक विचार प्रवाह गर्दछ ।

पुस्तकको अघिल्लो आवरणमा बाइस मोतीका गोटी उनिएर २२ जना सर्जक एउटै मालामा उनिएको प्रतीकात्मक चित्र झल्किन्छ । पछिल्लो आवरण पृष्ठमा समालोचकीय भूमिकाकार प्रा.डा.कृष्णप्रसाद दाहालको इन्दुलप्रतिको दृष्टिकोणसहित सन्तभेष र पहिरनमा रहेका समीक्षक इन्दुलको महात्मा झैं लाग्ने शालीन तस्बिर उभिएको अवस्थामा छ । समग्रमा इन्दुलको यो पुस्तक ‘शब्द सागरका मोती’ विविधताको कसीमा गुजुल्टिएको एक समीक्षात्मक सँगालो हो । जीवनको यस उत्तरार्द्धमा उनी जसरी कस्सिएर साहित्य साधनामा र समालोचनात्मक रचना जन्माउनमा लागेका छन्, त्यसमाथि पटक्कै मन्दी नआइदेओस्, जाँगर र खटाइ उत्तिकै अघि बढिरहोस् । यस्ता २/४ कृति अझै ‘मित्र पदम दाहालज्यूमा सप्रेम उपहार !’ भनेर पाइरहन सकूँ, हार्दिक शुभकामना छ लेखकलाई !

# पुलिसको पहिलो जित

हिमालय टाइम्स
काठमाडौं, २७ चैत

नेपाल पुलिस क्लबले शहीद स्मारक 'ए' डिभिजन लिगमा पहिलो जित हात पारेको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको मैदानमा सोमबार भएको खेलमा पुलिसले फ्रेण्ड्सलाई तीन-एक गोलअन्तरले पराजित गरेको हो। पुलिसको जितमा बुद्ध बल तामाङले दुई गोल तथा विदेशी खेलाडी मोजेस टुमले एक गोल गर्नुभयो। फ्रेण्ड्सका तोरीच जेब्रिनले एक गोल फर्काउनुभयो।

पहिलो हाफमा कुनै गोल नभएको खेलको दोस्रो हाफमा चारवटै गोल भएका थिए। ५१औं मिनेटमा विदेशी खेलाडी मोजेसले पुलिसलाई अग्रता दिलाउनुभयो। यस सिजनमा पुलिसले यसै खेलमार्फत् विदेशी खेलाडी मैदानमा उतारेको हो। यस्तै, बुद्ध बल तामाङले ५८औं मिनेटमा पुलिसको अग्रता दोब्बर पार्नुभयो।

खेलको ८७औं मिनेटमा तोरीचले फ्रेण्ड्सका तर्फबाट पेनाल्टी क्षेत्रभित्रबाट एक गोल फर्काउनुभयो। तर, इन्जुरी समयमा बुद्धले व्यक्तिगत दोस्रो गोल गर्दै पुलिसको पहिलो जित पक्का गर्नुभयो।

छैटौं चरणसम्म जितविहीन हुँदै जम्मा एक अंक जोडेको पुलिसले सातौं चरणमा बल्ल जित हात पारेको हो। जितसँगै पुलिसले सात खेलबाट चार अंक जोडेको छ। फ्रेण्ड्सको पनि सात खेलबाट चार अंक नै छ। पुलिस र फ्रेण्ड्सले समान एक खेल जित्दा एक खेल बराबरी खेलेका छन् भने पाँच खेलमा हार बेहोरेका छन्।

यस्तै, दशरथ रंगशालामा भएको अर्को खेलमा चर्च ब्वाइज र एपिएफले गोलरहित बराबरी खेल्दै अंक बाँडेका छन्। खेलमा चर्च ब्वाइजका जोस्पे बेम्पाले दोस्रो हाफमा गरेको प्रहार गोलमा परिणत भए पनि असिस्टेन्ट रेफ्रीले अफसाइड भन्दै गोलको मान्यता दिएनन्।

जारी लिगमा मनाङ मर्स्याङ्दी क्लबसँगै अपराजित रहेको चर्च ब्वाइजले सात खेलबाट १३ अंक जोडेको छ। उसले तीन खेल जित्दा चार खेलमा बराबरी खेलेको छ। 'बी' डिभिजनको च्याम्पियन बन्दै पहिलोपटक 'ए' डिभिजन लिग खेलिरहेको चर्च ब्वाइजले सुरुवाती तीन खेल जित्दै सानदार सुरुवात गरेको थियो। तर, त्यसयता लगातार चार खेल बराबरी खेलेको छ। एपिएफको यो दोस्रो बराबरी हो। सात खेलबाट ११ अंक जोडेको एपिएफ पाँचौं स्थानमै छ।



# भोजपुरको दिङ्लामा पुरुष डबल ब्याडमिन्टन प्रतियोगिता

निरोज कोइराला/हिटा
भोजपुर, २७ चैत

छैटौं संस्करणअन्तर्गत भोजपुरको उत्तरी क्षेत्र दिङ्लामा खुला पुरुष डबल ब्याडमिन्टन प्रतियोगिता सुरु भएको छ। प्रदेशस्तरीय प्रतियोगितामा 'ए' डिभिजनतर्फ आठ टिम सहभागी भएका छन् भने 'बी' डिभिजनतर्फ ३१ टिम सहभागी छन् भने प्रतियोगिता आज (मंगलबार) सम्म सञ्चालन हुनेछ। विगतदेखि सञ्चालन हुँदै आएको प्रतियोगिताअन्तर्गत यस वर्षदेखि दुई डिभिजनको प्रतियोगिता सञ्चालन गरिएको आयोजकले जनाएको छ। सिनियर तथा 'ए' डिभिजन र 'बी' डिभिजन गरी दुई समूहमा प्रतियोगिता सञ्चालन भएको आयोजक दिङ्ला ब्याडमिन्टन संघले जनाएको छ।

आयोजकका अनुसार 'ए' डिभिजनतर्फ प्रथम हुने जोडीले ४० हजार नगद, मेडल र प्रमाणपत्र, दोस्रो हुने जोडीले २५ हजार नगद, मेडल र प्रमाणपत्र र सेमिफाइनलमा पुगेका दुई टिमले १०/१० हजार नगद पाउनेछन्। त्यस्तै, 'बी' डिभिजनतर्फ प्रथम स्थान हासिल गर्ने जोडीले २५ हजार नगद, मेडल र प्रमाणपत्र, दोस्रो हुने जोडीले १५ हजार नगद, मेडल र प्रमाणपत्र तथा सेमिफाइनलका दुई टिमले सात हजार ५७५ रुपैयाँ नगद पाउनेछन्। प्रतियोगिता लिगकम नकआउटका आधारमा हुनेछ।

प्रतियोगिताको पूर्वमुख्यमन्त्री तथा प्रदेश सांसद राजेन्द्रकुमार राईले उद्घाटन गर्नुभएको थियो। प्रदेश सरकार र षडानन्द नगरपालिकाको संयुक्त लगानीमा निर्माण भएको ब्याडमिन्टन कभर्डहलको पनि राईले उद्घाटन गर्नुभयो। षडानन्द नगरपालिका र वडा नम्बर-४ ले प्रतियोगिताका लागि सहयोग गरेका छन्।



# नेपालले ओमानसँग अभ्यास खेल खेल्ने

हिमालय टाइम्स
काठमाडौं, २७ चैत

नेपालले ओमानसँग अभ्यास खेल खेल्ने भएको छ। एसिसी प्रिमियर कपअघि नेपालले ओमानसँग घरेलु मैदानमा अभ्यास खेल खेल्ने भएको हो। ओमानले गरेको प्रस्ताव नेपालले स्वीकारेको हो। ओमानले नेपालसँग वैशाख २ (अप्रिल १५) मा अभ्यास खेल खेल्ने जनाएको छ। त्यसअघि चैत ३० (अप्रिल १३ मा) मा ओमानले बहराइनसँग पनि अभ्यास खेल खेल्नेछ।

प्रिमियर लिगका लागि यसअघि नै नेपालले २१ सदस्य टोली घोषणा गर्दै बन्द प्रशिक्षणमा राखेको छ। एसिसी प्रिमियर कप १८ अप्रिलदेखि १ मेसम्म टियु र मूलपानी मैदानमा हुनेछ। समूह 'ए' मा नेपाल, ओमान, कतार, मलेसिया र साउदी अरेबिया छन्। समूह 'बी' मा हङकङ, युएई, कुवेत, सिंगापुर र बहरान छन्। हरेक समूहबाट शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछन्। विजेता टोलीले एसिया कपमा भारत र पाकिस्तानसँग खेल्न पाउनेछ। ओमान पहिलोपटक एसिया कप खेल्ने सोचमा छ।

प्रिमियर कपमा नेपालले वैशाख ९ गते ओमानसँग खेल्दै उद्घाटन गर्नेछ। टियु मैदानमा ओडिआई मान्यता खेल हुनेछ।



# बलियो नेपाल कपको उपाधि स्टारलाई

हिमालय टाइम्स
पोखरा, २७ चैत

अन्तर एकेडेमी टी-२० क्रिकेट प्रतियोगिताको सोमबार भएको फाइनल खेलमा स्टार क्रिकेट एकेडेमीले कर्णाली एकेडेमीलाई सात विकेटले हराउँदै बलियो नेपाल कप २०२३ को उपाधि जितेको छ। टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय गरेको कर्णालीले १९.१ ओभरमा आफ्नो सबै विकेट गुमाउँदै केवल ७२ रन बनाउन सफल रह्यो। कर्णालीका विराट भण्डारीले २७ बलमा सर्वाधिक १५ रन बनाउनुभयो। रोशनले व्यक्तिगत १० रन जोड्नुभयो। अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सक्नुभएन।

स्टारका लागि सुमित पराजुलीले आफ्नो व्यक्तिगत चार ओभरमा १७ रन खर्चिंदै तीन विकेट लिनुभयो। त्यस्तै, शुभम खनालले दुई तथा कप्तान अमर मिश्र, निर्मल गुरुङ र महेशले समान एक विकेट लिनुभयो।

७३ रनको लक्ष्य पछ्याउँदै जवाफी ब्याटिङ गरेको स्टार क्रिकेट एकेडेमीले उक्त लक्ष्य केवल ९.५ ओभरमा तीन विकेट गुमाउँदै पूरा गर्‍यो। स्टारका लागि ओपनर अनमोलले ३० बलमा २५ रन बनाउनुभयो। यस्तै, कप्तान अमर मिश्रले केवल नौ बलमा २२ रन बनाउनुभयो। विशालले आठ रन र अंकितले अविजित १५ रन बनाउनुभयो। स्टारका लागि विक्रम सिंहले चौका प्रहार गर्दै खेलमा जित निकाल्न सफल रहनुभयो। बलिङतर्फ भने कर्णालीका सन्दिप ठकुरी, भरत क्षेत्री र आदित्य शाहले समान एक-एक विकेट लिन सफल रहनुभयो।

फाइनल खेलको प्लेयर अफ द म्याच स्टार क्रिकेट एकेडेमीका सुमित अर्याल चुनिनुभएको थियो। यस्तै, प्रतियोगिताको उत्कृष्ट बलर पोखरा क्रिकेट एकेडेमीका प्रदीप अर्याल, उत्कृष्ट ब्याटर विराट सिंह भण्डारी र प्लेयर अफ द सिरिजका रूपमा स्टार क्रिकेट एकेडेमीका कप्तान अमर मिश्र पुरस्कृत हुनुभयो।

समापन समारोहको प्रमुख आतिथ्यता सांसद सोविता भण्डारीले गर्नुभएको थियो। प्रतियोगिताको विजेता टोलीले जनही पचास हजार तथा उपविजेता टोलीले पच्चीस हजार प्राप्त गरे। यस्तै, उत्कृष्ट ब्याटर र बलरले समान सात हजार तथा सर्वोत्कृष्ट खेलाडीले १० हजार नगद पुरस्कार प्राप्त गरे।

साथै, बलियो नेपाल न्युट्रिसन इनिसियटिभले गण्डकी प्रदेशका खेलाडीहरू, सिनियर राष्ट्रिय टिमका करण केसी तथा यू-१९ टिमका अर्जुन कुमाल र सुवास भण्डारीलाई पछिल्लो खेल प्रदर्शन तथा देशलाई महत्त्वपूर्ण प्रतियोगिता जिताउँदै उच्च नाम राख्न सफल भएकोमा नगद पुरस्कारसहित सम्मान गरेको थियो।



# आर्सनल र लिभरपुलको बराबरी

**एजेन्सी/हिटा।** इंग्लिस प्रिमियर लिगमा आर्सनल र लिभरपुलले बराबरी खेलेका छन्। आर्सनल र लिभरपुलबीचको खेल दुई-दुई गोलको बराबरीमा सकिएको हो। लिभरपुलका गाब्रिएल मार्टिनेली र गाब्रिएल जेससले गोल गर्दा लिभरपुलका मोहम्मद सलाह र रोबर्टो फिर्मिनोले बराबरी गोल फर्काउनुभयो। खेलको आठौं मिनेटमा मार्टिनेलीको गोलबाट आर्सनलले अग्रता लियो। २८औं मिनेटमा गाब्रिएल जेससले मार्टिनेलीकै पासमा गोल गर्दै आर्सनलको अग्रता दोब्बर पार्नुभयो। खेलको ४२औं मिनेटमा सलाहले लिभरपुलका लागि गोल फर्काउँदा पहिलो हाफ दुई-एकको स्थितिमा रह्यो।

निर्धारित समयको खेल सकिन तीन मिनेट बाँकी रहँदा परिवर्तित खेलाडी फिर्मिनोले गोल गर्दै लिभरपुललाई हारबाट जोगाउनुभएको थियो। यस बराबरीसँगै शीर्षस्थानमा रहेको आर्सनलले आफ्नो अग्रता थप बढाउने मौका गुमाएको छ। आर्सनलले शीर्षस्थानमा ६ अंकको अग्रता कायम गरेको छ। आर्सनलको ३० खेलबाट ७३ अंक रहँदा एक खेल कम खेलेको म्यानचेस्टर सिटीको ६७ अंक छ। लिभरपुल २९ खेलबाट ४४ अंक जोडेर आठौं स्थानमा छ।

वर्गीकृत डिस्प्ले

राहदानी हरायो

नाम थर: दिलिप अधिकारी

विज्ञापनको लागि हाम्रा सिधा सम्पर्क नम्बरहरु
काठमाण्डौं : ०१-४४७८१७७
विराटनगर : ९८४२०५९११०
वीर. रौतहट : ९८४५१३५२३४
मलंगवा : ९८०४८२३४११

e-mail:
htanews@gmail.com
htanews@yahoo.com
Website:
ehimalayatimes.com.np

वर्गीकृत डिस्प्लेको लागि सिधा सम्पर्क : ०१-४४७८१७७

**Kanepokhari Rural Municipality**
**Office of Rural Municipal Executive**
**Bayarban, Morang**
**Koshi Province, Nepal.**

**Invitation for E-bid**

**First Date of Publication: 2079/12/28 (11 APR 2023)**
**IFB NO: KRM/NCB/06/NCB/079/080**

1. **Kanepokhari Rural Municipality, Bayarban, Morang** has allocated funds towards the cost of construction of the works mentioned in the table and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bidding is open to all eligible Nepalese bidders.
2. **Kanepokhari Rural Municipality** invites E-bid from eligible bidders for following works under National Competitive Bidding. **The bidding procedure will be single stage Single Envelope. The bidding procedure will be e-bidding only.**
3. **Information to deposit the cost of bidding document in Bank:**
   **Rajaswa Khata No. (Revenue Account)**
   **Office Name:** Kanepokhari Rural Municipality, Bayarban, Morang
   **Bank Name:** NIC Asia Bank
   **Bank Address:** Ramailo Branch
   **Account Number:** 133CA50021460002 (Rajaswa)
   **For Security Deposit (DharautiKhata) No.:** D3CA000455752407
   Eligible Bidders may obtain further information and inspect and inspect the Bidding Documents at the office of. Kanepokhari Rural Municipality, Bayarban, Morang.
4. Pre-bid meeting shall be held at Kanepokhari Rural Municipality, Bayarban, Morang 2080/01/15 (2023 APRIL 28) - 14:00 hrs.
5. The bidders shall submit their bid before 2080/01/28 (2023 MAY 11) 12:00 hrs. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2080/01/28 (2023 MAY 11) 13:00 hrs. at the office of Kanepokhari Rural Municipality, Bayarban, Morang.
6. Bid security must be valid for a period of 90 days as stated below for after bid opening and must be accompanied by a bid amounting to a minimum of **as specified below** which shall be valid for 30 days beyond the validity period **(i.e., 120 days)** of the bid after **deadline of Bid submission date.**
7. If the last date of Pre-Bid meeting and Bid Opening Day falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders may submit modification or withdrawal prior to the deadline of bid submission. Once a Bid is withdrawn, bidder will not be able to submit another bid response for the same bid.
9. Other information not mentioned above is as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 (Amended).
10. The Employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

| Contract No. | Descriptions of Works | Minimum Bid Security (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|
| KRM/NCB/06/CIVIL/079/80 | CONSTRUCTION OF DRAIN AT GHALE TOLE-CHALISH BIGHE ROAD (CONTINUE SECTION) KRM5,7 | 99,000.00 | 3,000.00 |

**CHIEF ADMINISTRATIVE OFFICER**

**Kachankawal Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Baniyani, Jhapa**
**Koshi Province, Nepal**

**Invitation for e-Bids**

**Date of Publication : 28th Chaitra 2079 (11th Apr 2023)**

**Kachankawal Rural Municipality** invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding (NCB) procedures. Eligible Bidders may obtain further information from PPMO website **www.bolpatra.gov.np/egp.**

| S. N. | Contract ID. | Name of Project | Bid Details | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bidding Procedure | Last date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NCB/WORKS/KACHANKAWAL/BR/08/079-80 | Construction of Blacktopped Road at Nandidand-Gherabari Bazaar Road Section, Kachankawal, Jhapa Multi Year Project | i) **Key qualification requirements:** Minimum average annual construction turnover of best 3 years within last 10 years : NRs. 5,15,00,000<br>ii) **Minimum experience of similar size and nature:** Road Construction/upgradation work comprising bituminous pavement work with a value of at least NRs. 1,40,00,000 in a single contract.<br>iii) **Construction experience in key activities:** Production rate 400 m3 of Bituminous (Asphalt/DBM/Premix carpeting) per year | 5000 | 8,60,000 | 120 Days | Single Stage Double Envelope Bidding Procedure (e-Bid only) | 2080/01/28 (11th May 2023) 12:00 PM | 2080/01/28 (11th May 2023) 01:00 PM |

| 1. Information to deposit the cost of bidding document in Bank: | | 2. Information to deposit the Bid Security in Bank: |
|---|---|---|
| **Name of Bank :** NIC Asia Bank Ltd., Kachankawal Branch | | **Name of Bank:** NIC Asia Bank Ltd., Kachankawal Branch |
| **Name of Office :** Kachankawal Rural Municipality, Baniyani, Jhapa | **Office Code No. :** 80112501300 | **Name of Office:** Kachankawal Rural Municipality, Baniyani, Jhapa |
| **Rajaswa Khata No. :** 0672050029136002 | **Revenue Code Number :** 14529 | **Dharauti Khata No.:** 67CA051019752404 |

**Chief Administrative Officer**
**Kachankawal Rural Municipality**

# भन्सार असुली बढाउन कर्मचारीलाई अर्थमन्त्रीको उर्दी

हिमालय टाइम्स
काठमाडौं, २७ चैत



अर्थमन्त्री डा. प्रकाशशरण महतले भन्सार विभागका कर्मचारीलाई इमान्दार, अनुशासित र कर्तव्यनिष्ठ भएर जिम्मेवारी पूरा गर्न निर्देशन दिनुभएको छ । सोमबार भन्सार व्यवस्थापन गोष्ठीलाई सम्बोधन गर्दै उहाँले यस्तो निर्देशन दिनुभएको हो । कार्यक्रममा मन्त्री महतले आफू अर्थ मन्त्रालयमा शोभा बढाउन आएको नभई राजनीतिक नेतृत्व, कर्मचारी र उद्योग व्यवसायी सबै मिलेर अहिलेको अर्थतन्त्रमा देखिएको समस्या समाधान गर्न आएको बताउनुभएको थियो । उहाँले भन्नुभयो, 'अहिले राजस्व घटेको छ । राजस्व घट्दा कर्मचारी दोषी छन् भनेर कठघरामा उभिनुभएको छ भन्ने मेरो भनाइ होइन । राजस्व घट्नुमा विभिन्न कारण छन् । हामी आफैं कति कारक छौं, त्यसको आत्ममूल्यांकन हामी सबैले गर्नुपर्छ । पछिल्लो समयमा चोरी पैठारी बढ्यो, यो चोरी पैठारी भन्सारभन्दा टाढाको बाटोबाट भएको छैन । भन्सार नाकाकै छेउछाउबाटै चुहावट आएको छ, यो गम्भीर कुरा हो ।'

उहाँले भन्सार विभागले मन्त्रालयलाई उपलब्ध गराएको रिपोर्टअनुसार २८ प्रतिशत भन्सार घटेको भन्दै विभिन्न भन्सार नाकाको भोलुमको कम्पोजिसन र भन्सार घट्नुमा कसको कति योगदान छ भन्ने कुरा रिपोर्टले देखाएको बताउनुभयो । भैरहवा भन्सारको सबैभन्दा धेरै घटेको छ । भैरहवा भन्सारबाट ४४ प्रतिशत घटेकाले त्यहाँका प्रमुखको ध्यानाकर्षण गराएको पनि उहाँले जानकारी गराउनुभयो ।

अर्थमन्त्री महतले भन्नुभयो, 'महानिर्देशकलाई आग्रह गर्छु, विभिन्न भन्सार नाकाको आयातको प्रकृति के छ त्यसको रिपोर्ट मलाई चाहियो । वस्तु आयातबाट भन्सार घटेको हो कि अर्को बाटोबाट भन्सार छलेर भित्रियो ? त्यसको ब्रेकडाउन मलाई चाहियो, त्रिभुवन विमानस्थल नाकाबाट पनि राजस्व धेरै घटेको छ । त्यहाँ पनि चुहावट भएको खबर प्राप्त भएको छ । वीरगञ्ज, रसुवा नाकाबाट पनि धेरै भन्सार राजस्व घटेको छ । यसलाई तपाईंहरूले गम्भीररूपमा लिनुहोला । मेरा लागि अरू कुनै मूल्यांकनको आधार छैन । कर्तव्यनिष्ठ भएर काम गर्ने, नतिजा देखाउनुहोला ।'

उहाँले भन्नुभयो, 'आयात निर्यातमा संलग्न व्यवसायीलाई अनावश्यक शुल्क लिन भनेको होइन, जायज कुरा तपाईंहरूलाई थाहा, बुझ्नुभएको छ तर कार्यान्वयन भइरहेको छैन, त्यतातिर म तपाईंहरूको ध्यानाकर्षित गराउन चाहन्छु, तपाईंहरूमध्ये धेरैजसो मिहिनेत र इमान्दारितासाथ काम गरिराख्नुभएको छ । यो कठघरामा उभ्याउन खोजेको होइन, राजनीतिक, प्रशासनिक अथवा जो जहाँ जसले जिम्मेवारी लिइराख्नुभएको छ, संस्थाप्रति हाम्रो इमान्दारिता, क्रियाशीलता र कामप्रतिको समर्पण मेरो नेतृत्वमा अर्थ मन्त्रालय आएको छ, सम्पूर्णरूपमा पारदर्शी ढंगबाट हामी काम गर्न चाहन्छौं । नतिजा देखाउन चाहन्छौं । त्यसमा भन्सार विभाग प्रमुख हो । बलियो नेतृत्वको आवश्यकता छ । तल्लो तहलाई सजाय गरिन्छ, नेतृत्व वर्गलाई केही गरिँदैन भन्ने कुरा आएको छ । जसले नेतृत्व गरिराखेको छ, उसले त्यो जिम्मेवारी लिनुपर्छ भन्ने मलाई लागेको छ । जवाफदेही पनि बनाउने र जिम्मेवारी पनि दिने हो । जिम्मेवारी दिने र जिम्मेवारी लिने परम्पराको सुरुवात गरौं ।'

मन्त्री महतले अरू धेरै कारणले राजस्व घटेको भन्दै राजस्व घट्नुमा सम्पूर्ण कर्मचारीलाई मात्रै पनि दोष दिने पक्षमा आफू नरहेको पनि स्पष्ट पार्नुभयो । तर, कर्मचारीको हिस्सा कति छ, त्यसको जिम्मेवारी भने लिनुपर्ने उहाँको भनाइ थियो । अर्थमन्त्री महतले भन्नुभयो, 'प्रधानमन्त्री कार्यालयमै सुरक्षा निकायसँग बसेर बलियो निर्देशन त्यहाँ पनि दिइएको छ । सुरक्षा निकाय र भन्सार कर्मचारीको समन्वयमा भन्सार चुहावट रोक्नुपर्छ । अरू कारणबाट भन्सार चुहावट भएको छ भने त्यसको जानकारी हामीले पाउनुपर्छ । मोबाइल फोनमा सिस्टम लागू नगर्दा चोरी पैठारी बढेको, राजस्व घटेको छ । कर्मचारीले आफ्नो जिम्मेवारी उच्च कर्तव्यनिष्ठ साथ पूरा गर्नुहुनेछ भन्ने विश्वास लिएको छ ।

राज्यको आयले साधारण खर्च धान्न नसक्नु दुर्भाग्य हो, यसबारे राजनीतिक नेतृत्व गम्भीर छ । यो समस्या समाधानका लागि हाम्रोतर्फबाट कुनै कसर बाँकी राखिँदैन । उद्योगी व्यवसायीलाई दिइने झन्झटप्रति पनि हामी त्यत्तिकै संवेदनशील छौं ।'

# आयुर्वेद एसोसिएसनमा नयाँ नेतृत्व

**काठमाडौं ।** राष्ट्रिय आयुर्वेद एसोसिएसन नेपाल (रान)मा नयाँ नेतृत्व चयन भएको छ । रानको प्रथम साधारणसभा तथा राष्ट्रिय महाधिवेशनबाट जगतबहादुर भट्टराईको अध्यक्षतामा नयाँ नेतृत्व चयन भएको हो । वरिष्ठ उपाध्यक्षमा कृष्णबहादुर राउत, उपाध्यक्ष (पुरुष)मा बालगोपाल श्रेष्ठ, उपाध्यक्ष (महिला)मा सरिता भण्डारी, उपाध्यक्ष (कोशी प्रदेश) मा डा. सञ्जिवकुमार यादव, उपाध्यक्ष (मधेश प्रदेश) मा सञ्जयकुमार प्रसाद, उपाध्यक्ष (बागमती प्रदेश) मा दिलबहादुर श्रेष्ठ, उपाध्यक्ष (गण्डकी प्रदेश) मा डा. प्रफुल्लचन्द्र यादव, उपाध्यक्ष (लुम्बिनी प्रदेश) मा शालिकराम भुसाल, उपाध्यक्ष (कर्णाली प्रदेश) मा डा. शंकरप्रसाद रिजाल, उपाध्यक्ष (सुदूरपश्चिम प्रदेश) मा लोकराज भट्ट रहनुभएको छ ।

महासचिवमा हृदयनारायण चौधरी, सचिव (पुरुष) मा नारायण खतिवडा, सचिव (महिला) मा जयन्ती सिवाकोटी, कोषाध्यक्षमा सपना खत्री र सह-कोषाध्यक्षमा रामबाबु यादव रहनुभएको छ । खुला सदस्यमा किरण न्यौपाने, डा. विवेक गुप्ता, डा. रामपुकार यादव, सदस्य (खस आर्य)मा



गीतादेवी दाहाल, सदस्य (मधेशी) मा इन्द्रजित कुमार यादव, सदस्य (महिला) मा आरतीकुमारी चौधरी, सदस्य (दलित) मा धर्विन्द्रबहादुर सार्की, सदस्य (जनजाति) मा ओमराज लिम्बू रहनुभएको छ । क्रान्ति भट्टराई संयोजक तथा डा. शंकर गौतम, नरबहादुर ठकुरिब, डा. चन्द्रनारायण झा र महेन्द्रराज बज्राचार्य सदस्य रहेको निर्वाचन समितिले नयाँ कार्यसमिति चयनका लागि सहजीकरण गरेको थियो । रानका अनुसार रानमा देशभरकै आयुर्वेदिक चिकित्सक, स्वास्थ्यकर्मी, उत्पादक कम्पनी तथा आयुर्वेदिक औषधि व्यवसायी समेटिएका छन् । हाल रानमा एक हजार हाराहारीमा सदस्य रहेका छन् ।

# अकुपञ्चरसम्बन्धी कार्यशाला

काठमाडौं । नेपाल अकुपञ्चर मोक्सिबुसन अकुप्रेसर संघले एकदिने कार्यशाला आयोजना गरेको छ । आफ्ना सदस्य र अकुपञ्चरिस्टका लागि शनिबार आयोजित कार्यशालामा उपत्यकाका विभिन्न अस्पताल, क्लिनिकका २० जना अकुपञ्चरिस्टको सहभागिता थियो । सो अवसरमा मेडिसिटी अस्पतालका न्युरो सर्जन डा. प्रकाश पौडेलले कम्मर दुखाइ र निधान प्रक्रियासम्बन्धी प्रशिक्षण तथा पछिल्ला अनुसन्धानसम्बन्धी प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो ।

कम्मर दुखाइका विभिन्न अवस्थामा अकुपञ्चर उपचार अत्यन्त प्रभावकारी मानिन्छ । उपत्यकाभित्र रहेका अकुपञ्चर क्लिनिकमा अहिले पनि ठूलो संख्यामा कम्मर दुखाइका बिरामीको बाहुल्यता रहेको संघले जनाएको छ । संघ नेपालमा रहेका लाइसेन्स भएका अकुपञ्चरिस्टको साझा संगठन हो ।

# Invitation for Bids

## Second Times

**Durgathali Rural Municipality**

***Office of Rural Municipal Executives***

**Invitation for Bids for the Procurement of Crawler Mounted Hydraulic Excavator with breaker**

Contract Identification No:DRM/NCB/GOODS/079/080-1

***Date of publication:2023/04/11(B.S. 2079/12/28)***

1. The Durgathali Rural Municipality invites electronic bids from eligible bidders for the procurement of crawler mounted hydraulic excavator with breaker under National competitive bidding proceduresspecified in Public Procurement Act and Regulations.

| Contract Identification Number | Description of Work | Total Project Cost including VAT (NRS) | E-bid Security (NRs) | E-bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|
| DRM /NCB/GOODSS/ 079/80-01 | Supply and Instilation of Crawler Mouted Hydrolic Excavator with Breaker Durgathali Bajhang | 14500000 | 435000/- | 3000/- | E-bid only |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Durgathali Rural Municipal Executives, Chaudhari, Bajhang, *durgathalimun23@gmail.com*, 9858485617 or may visit PPMOegp system www.bolpatra.gov.np/egp.
3. Bidder can submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system *www.bolpatra.gov.np/egp*. Bidders, submitting their bid electronically,should deposit the cost of bidding document i.e. NRs. 3,000.00 in the following kumara bank (revenue) account as specified. Name of the Bank: Kumari bank Itd Bank Name of Office: Durgathali Rural Municipaliy Account no.: 0890058228800021 Aanharick Rajaswa(revenue khata.
4. Electronic bids must be submitted through PPMO's e-GP system *www.bolpatra.gov.np/egp* on or before12:00 on 11/05/2023. Bid sreceived after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00On 11/05/2023 at the office of Rural Municipal Executives, Durgathali Rural Municipality,Chaudhuri, Bajhang. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 4,35,000.00, which shall be valid for 30 days beyond the validity period of the bid. bid secueirty amount deposit in Kumari Bank Dharauti Khata no 0890058228800004
6. If the last date of purchasing and /or 'submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission

**Chief Administrative Officer**

# एसियन पेन्ट्सका नयाँ उत्पादन

**काठमाडौं ।** एसियन पेन्ट्सले आफ्नो नयाँ उत्पादन बजारमा ल्याएको छ । कम्पनीले काठमाडौंमा आयोजित एक समारोहमा दुई सयभन्दा बढी डिलरको उपस्थितिमा स्मार्टकेयर समूहका दुई नयाँ उत्पादनहरू सिलिकन शिल्ड र हाइड्रोलक प्रस्तुत गरेको छ । जसले भित्तामा ओस र नुनियाको समस्या रोकथाम गर्छ । कम्पनीले अन्य दुई उत्पादन रोयल प्ले समूहअन्तर्गत बारिक र स्टुक पनि सार्वजनिक गरेको छ । रोयल प्ले समूहका उत्पादनले भने घरको इन्टेरियर सजावट आकर्षक बनाउने कम्पनीको दाबी छ ।

कम्पनीका अनुसार सिलिकन शिल्डको एक जलप्रतिरोधक तत्व हो, जसमा उत्कृष्ट पेनीट्रेटिभ फर्मुलेसन रहेको छ, जुन इँटा, ढुंगा र क्ले टायलका लागि अनुकूल छ । घरको बाहिरी भित्ता नुनियादेखि जोगाएर भित्ताको स्वाभाविक सुन्दरता कायमै राखिदिन्छ । त्यसैगरी हाइड्रोलक एक अर्को पेनीट्रेटिभ जलप्रतिरोधक सोलुसन




हो, जुन प्लास्टर गरिएका भित्तालाई ओस र नुनियाबाट सुरक्षित राख्न प्लास्टरमाथि लगाउन अत्यन्त उपयुक्त छ । रोयल प्ले बारिकले अरेबियन मरुभूमिबाट प्रेरित रिच मेटालिक टेक्स्चर दिन्छ र यो ओसन वेभ र वोर्ल इफेक्टमा उपलब्ध छ । अर्कोतर्फ रोयल प्ले स्टुकोले प्रदान गर्ने फिनिसले भित्री भित्तामा मार्बलको अनुभूति दिलाउने कम्पनीको भनाइ छ ।

# 'निर्माण क्षेत्रको भुक्तानी रोकिँदा सबैतिर असर'

हिमालय टाइम्स
काठमाडौं, २७ चैत

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले निर्माण व्यवसायीको भुक्तानी रोकिँदा धेरै क्षेत्रमा नकारात्मक असर परेको बताउनुभएको छ । निर्माण उद्योगलाई प्राथमिकतामा राखेर तत्काल भुक्तानी उपलब्ध गराउन आफूले सम्बन्धित क्षेत्रको ध्यानाकर्षण गराइसकेको पनि उहाँले बताउनुभएको छ ।

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंह नेतृत्वको प्रतिनिधिमण्डलसँगको भेटमा गभर्नर अधिकारीले निर्माण व्यवसायीलाई भुक्तानी दिँदा तत्काल सरकारी कोष नै बलियो हुने भन्दै महासंघले उपलब्ध गराएको निर्माण उद्योगसँग सम्बन्धित बैंकिङ क्षेत्रको समस्याबारेमा राष्ट्र बैंकले अध्ययन गरेर जायज माग सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । महासंघ अध्यक्ष सिंहले व्यवसायीको ठूलो रकम राज्यले निकासा नगर्दा 'सप्लाई चेन' मै गम्भीर समस्या आएको, निर्माण व्यवसायीका समस्या समाधानका लागि बैंकहरू लचिलो



नभए समस्या अझ विकराल हुन सक्ने बताउनुभयो । क्रेडिट रेटिङ, ब्याजदर समायोजन, ठेक्का कर्जा, चालु पुँजी कर्जासम्बन्धी मार्गनिर्देशन, चेक बाउन्स, कालोसूची, पुनर्कर्जालगायतका विषयमा गभर्नर अधिकारीको ध्यानाकर्षण गराउँदै अध्यक्ष सिंहले समस्या समाधानका लागि सम्बन्धित निकायहरूमा आवश्यक निर्देशन गरिदिनसमेत आग्रह गर्नुभयो । सो अवसरमा महासंघका वरिष्ठ उपाध्यक्ष आङदोर्जी लामा (एडी), उपाध्यक्ष रामजी पन्त 'मुकेश', नीतिगत उपमहासचिव शिवहरि घिमिरे र महासंघका कानुनी सल्लाहकार टंकबहादुर दुलाललगायतको उपस्थिति रहेको थियो ।

# पुँजी बजार लगानीकर्ताका १० बुँदे माग

हिमालय टाइम्स
काठमाडौं, २७ चैत

सेयर लगानीकर्ताहरूले सोमबार नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेश हमाललाई १० बुँदे मागपत्र बुझाएका छन् । नेपाल इन्भेष्टर फोरम, सेयर लगानीकर्ता संघ नेपाल र नेपाल पुँजी बजार लगानीकर्ता संघले संयुक्तरूपमा बोर्ड अध्यक्ष हमाललाई मागपत्र बुझाएका हुन् । निरन्तररूपमा घटिरहेको पुँजी बजारले आमलगानीकर्तामा पर्न गएको आर्थिक तथा मनोवैज्ञानिक असरप्रति संघहरूले ध्यानाकर्षण गराएका छन् । नेपालको पुँजी बजार इतिहासमा सबैभन्दा बढी पुँजीकृत रकम १५ खर्बको हाराहारीभन्दा बढी गुमाइसक्दा पनि सम्बन्धित निकायहरू मौन रहँदा ५५ लाखभन्दा बढी लगानीकर्ता मर्कामा परेको संघहरूको भनाइ छ । केही समयअघि नेपाल धितोपत्र बोर्डबाट लगानीकर्ताको प्रमुख मागका रूपमा रहेको नयाँ स्टक, ब्रोकर र कमोडिटी एक्सचेन्ज थप्ने प्रक्रिया प्रारम्भ भएकोमा सम्मानित सर्वोच्च अदालतमा रिट परी रोकिएको अवस्थामा बोर्ड अध्यक्ष रमेशकुमार हमाल र लगानीकर्ताको संयुक्त प्रयासमा उक्त रिट नै खारेज भएकाले नयाँ स्टक, ब्रोकर र कमोडिटी एक्सचेन्ज लाइसेन्सको काम यथाशीघ्र सुरु गर्न माग गरिएको छ । त्यस्तै, लगानीकर्ताको बढ्दो सेयर खरिदबिक्री लागत न्यूनीकरण गर्न हाल रहेको महँगो ब्रोकर कमिसन तिर्दै आएकोमा बढीमा ०.१५ प्रतिशतबाट नबढ्ने गरी कमिसनदर तत्काल पुनरवलोकन गर्न, डिपी चार्ज रकम २५ रुपैयाँबाट घटाएर बढीमा पाँच रुपैयाँ कायम गर्न, दीर्घकालीन लगानीकर्ता र अल्पकालीन लगानीकर्ताको वर्गीकरण गरी दीर्घकालका लागि तीन प्रतिशत र अल्पकालका लागि पाँच प्रतिशत पुँजीगत लाभकर कायम गर्न माग गरिएको छ । त्यस्तै, दोस्रो बजारमा हुने अस्वाभाविक उतारचढाव न्यूनीकरण गर्न मार्केट मेकर, मार्केट डिलर, धितोपत्र व्यापारी तथा संस्थागत लगानीकर्तालाई छिटो बजार प्रवेशको वातावरण बनाउन, केवाइसी डिजिटल सुरु गरी भौतिक केवाइसी अन्त्य गर्न, ब्रोकर कम्पनीमार्फत् सुरु गर्ने भनिएको मार्जिन ल्याण्डिङ व्यवस्था अबिलम्ब सुचारु गर्न, नेपाल राष्ट्र बैंकले ल्याएको सेयर कर्जाको सीमा १२ करोड नीतिलाई तत्काल खारेजीको पहल गर्न र राष्ट्र बैंकले ल्याएको सेयर कर्जाको भारित औसतदर प्रतिशत नै कायम गर्न पहल गर्न माग गरिएको छ ।




इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : मेधिनी प्रिन्टिङ एण्ड डिष्ट्रिब्यूटर्स प्रा. लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४४७८१७७, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: desk@himalayatimes.com.np, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल